# लेखनाथ १३, क्षेत्रमा प्रचलित तिजेगीतहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्र (५४०-६) को

प्रयोजनका निमित्त

प्रस्तुत

## अध्ययन पत्र


शोधार्थी

पर्भा तिवारी

शैक्षिक सत्र ०३/०६८

त्रि.वि.दर्ता नं ९-२-४८-३५२१-२००४

पृथ्वी नारायण क्याम्पस, पोखरा

# सिफारिस पत्र

प्रस्तुत अध्ययन पत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पृथ्वी नारायण क्याम्पस, पोखराको नेपाली विभाग नेपाली विषय (५४०) ५० पूर्णाङ्कको स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा  पर्भा तिवारीले "लेखनाथ १३, क्षेत्रका प्रचलित तिजेगीतको अध्ययन" शीर्षक मेरो निर्देशनमा रहेर सम्पन्न गर्नु भएको हो। अत्यन्त मिहिनेत तथा परिश्रमपूर्वक तयार पार्नु भएको प्रस्तुत अध्ययन कार्य प्रति म सन्तुष्ट छु यो अध्ययन पत्र उक्त दसौँ पत्रको आंशिक परिपूर्तिका लागि उपयुक्त भएको हुँदा आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु।

मिति :  इ.सं. १८/१२/२०१५

वि.सं. २०७२/०९/०३

............................

कृष्ण प्रसाद पौडेल

सह-प्राध्यापक

अध्ययन निर्देशक

नेपाली विभाग

# कृतज्ञता ज्ञापन

साहित्यलाई समाजको दर्पण मान्ने गरिन्छ । साहित्यका विविध विधा मध्ये लोकसाहित्य पनि एक हो । लोकसाहित्य अन्तर्गत लोकगीत रहेको हुन्छ । सांस्कृतिक एवम् परम्परागत मूल्य मान्यताहरूलाई अङ्गीकार गर्दै मनका भावनाहरूलाई लयवद्ध गर्ने कार्य नै लोकगीतमा हुने गर्दछ । त्यसैले लोकगीतलाई लोकसाहित्य अन्तगर्तको प्रमुख बिधाका रूपमा मान्ने गरिन्छ । त्यही लोकगीत अन्तर्गत पर्व गीतका रूपमा तिजेगीतलाई महिलाहरूले आफ्ना पीर व्यथा र वेदना पोख्ने माध्यमका रूपमा लिइन्छ । तिजका अवसरमा दिदीवहिनीहरू जम्मा भई रमाइलो तरिकाले नाच्ने गाउने आफ्ना भावना व्यक्त गर्ने गर्दछन् । बर्तमान समयमा टी.भी हेर्दै क्यासेट बजाउने आदि परिपाटीले तिजेगीतहरू समूहमा बसेर गाइने क्रम घट्दै गएको पाइएको छ, लेखनाथ १३ मा गाइने प्रचलित तीजे गीतको अध्ययन शीर्षक राखी अध्ययन पत्र तयार गरिएको छ ।

यो अध्ययन पत्र तयार गर्ने क्रममा पृथ्वी नारायण क्याम्पस नेपाली विभागका विभागीय प्रमुख प्रा. डा. विष्णु प्रसाद पौडेल ज्यूले प्रस्ताव स्वीकार गरी अनुसन्धान गर्ने अवसर प्रदान गर्नु भएकोमा उहाँ प्रति म हार्दिक आभार ब्यक्त गर्दछु । आवश्यक सुझाव सहित निर्देशन गर्नु हुने अध्ययन पत्रका निर्देशक आदरणीय गुरु सह प्राध्ययपक श्री कृष्ण प्रसाद पौडेल ज्यू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत अध्ययन पत्र लेखन कार्यमा सहयोग पुऱ्याउनु हुने मेरो घरपरिवार, आफन्तजनका साथै लेखनाथ १३ क्षेत्रका आमाबुबा, दाजुभाइ, दिदीबहिनी तथा स्थानीय गायक गायिकाको सहयोग सधैँका लागि स्मरणीय रहने छ । मेरो पढाइ र भविष्यका बारेमा सोचेर आज यस अवस्थासम्म पुऱ्याउनु हुने आदरणीय बुबा जीवनाथ तिवारी  र आमा तारा तिवारीका साथै यस अनुसन्धान कार्यमा हरपल मलाई सहयोग पुऱ्याइ उचित समय मिलाइ दिनुहुने मेरो श्रीमान् श्री प्रशान्त राज धमला प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा यस अध्ययन पत्रलाई आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, पृथ्वी नारायण क्याम्पस पोखरा समक्ष प्रस्तुत गर्दछु ।

मिति : इ.सं. १८/१२/१५
वि.सं. २०७२/०९/०३

.....................................

पर्भा तिवारी
नेपाली विभाग
क.स.०३/०६८
त्रि.वि दर्ता न. ९-२-४८-३५२१-२००४
त्रिभुवन विश्व विद्यालय
पृथ्वी नारायण क्याम्पस, पोखरा

# विषय सूची


पृष्ठ सङ्ख्या

स्वीकृति पत्र i

सिफारिस पत्र ii

कृतज्ञता ज्ञापन iii

विषयसूची iv

**पहिलो अध्याय : अध्ययन पत्रको परिचय** **१-७**

१.१ विषय परिचय १

१.२ अध्ययन पत्र शीर्षक २

१.३ प्रयोजन २

१.४ समस्याकथन २

१.५ अध्ययन कार्यको उद्देश्य ३

१.६ पूर्वकार्यको विवरण ३

१.७ अध्ययन कार्यको औचित्य ५

१.८ अध्ययन विधि ६

१.९ अध्ययन कार्यको क्षेत्र र सीमा ६

१.१० अध्ययन पत्रको रूपरेखा ७

**दोस्रो अध्याय : लेखनाथ १३ को परिचय** **८-११**

२.१ लेखनाथ क्षेत्रको भौगोलिक स्वरूप र अवस्थिति ८

२.२ सामाजिक रहन सहन ८

२.३ चाडपर्वहरू ९

२.४ मठ मन्दिर ९

२.५ आर्थिक अवस्था १०

२.६ सांस्कृतिक अवस्था १०

२.७ शैक्षिक अवस्था ११

**तेस्रो अध्याय : लोकसाहित्यको सैद्धान्तिक परिचय** **१२-२७**
३.१ लोकसाहित्यको चिनारी १२
३.२ लोकगीत १३
३.३ लोकगीतका प्रकार १४
३.४ तिजेगीतको सैद्धान्तिक परिचय तथा परम्परा १५
३.५ तिजेगीतका तत्वहरू १८
३.६ तिजेगीतका विशेशता २०
३.७ तिजेगीतको प्रयोजन तथा महत्व २५

**चौथो अध्याय : लेखनाथ १३ क्षेत्रमा प्रचलित तिजेगीतको अध्ययन** **२८-४६**
४.१ स्वरूपका आधारमा लेखनाथ १३ क्षेत्रका तिजेगीतको वर्गीकरण २९
४.१.१ लघुत्तम आकारका तिजेगीत २९
४.१.२ लघु आकारका तिजेगीत २९
४.१.३ मध्यम आकारका तिजेगीत ३०
४.२ विषयवस्तुका आधारमा लेखनाथ १३ क्षेत्रको तिजेगीतको विश्लेषण ३१
४.२.१ नारीपर ३१
४.२.२ सामाजिक चित्रण ३३
४.२.३ पौराणिकता ३५
४.२.४ स्थानीयता ३६
४.२.५ प्राकृतिक चित्रण ३७
४.२.६ आर्थिक अवस्थाको चित्रण ३७
४.२.७ विकृति विसङ्गतिको चित्रण ३८
४.२.८ राजनीति अवस्थाको चित्रण ३९
४.२.९ विपत्तिपरक चित्रण ४०
४.३ शैलीगत अध्ययन ४०
४.३.१ भाषा ४१
४.३.२ लय ४४
४.३.३ छन्द ४५

**पाचौं अध्याय : उपसंहार** **४७-५३**

५.१ सारांश ४७

५.२ निष्कर्ष ४८

५.३ सुझाव ५०

लोक साहित्य अर्न्तगत लेखनाथ १३ क्षेत्रका सम्भाव्य शीर्षकहरू ५१

लेखनाथ १३, क्षेत्रमा प्रचलित तिजेगीतको सङ्कलन ५२

**परिशिष्ट** **५४-७३**

**सन्दर्भ सामग्री सूची** **७४-७५**

# पहिलो अध्याय

# अध्ययन-पत्रको परिचय

## १.१ विषय परिचय

मानव सभ्यताको उषा कालदेखि नै मानिसहरूले मौलिक रूपमा भए पनि आफ्ना भावनाहरूलाई लयात्मक रूपमा गीति लयमा उतार्ने काम गर्दै आइरहेका थिए । सांस्कृतिक एवम् परम्परागत मूल्य मान्यताहरूलाई अङ्गीकार गदै मनका भावनाहरूलाई लयवद्ध गर्ने कार्य नै लोकगीत हो । त्यही लोकगीत अन्तर्गतको पर्वगीतमा पर्ने तिजेगीत पनि एक महत्वपूर्ण गीत हो ।

तिजे शब्दमा 'ए' प्रत्यय लागेर बनेको शब्द तिजे हो । तिजे शब्दसँग गीतको मेल भएर तिजेगीत शब्द निर्मित भएको हो त्यसैले तिजेगीत के हो भन्ने जान्नका निम्ति तिजका बारेमा जानकारी लिनु आवश्यक छ । तिज हिन्दूहरूले मनाउने चाडहरू मध्येको एउटा महत्वपूर्ण चाड हो । खासगरी मौखिक एवम् श्रुति परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने तिजका अवसरमा सरल एवम् सरस मनका भावनालाई गीति लयमा उनेर गाइने विधा विशेष नै तिजेगीत हो । यो हरेक वर्षको भाद्र शुक्ल पक्षमा पर्दछ र सांस्कृतिक एवम् परम्परागत मूल्य मान्यताहरूलाई अङ्गीकार गदै नारी मनका भावनालाई लयवद्ध गर्ने कार्य तिजेगीतले गर्दछ ।

तिजको पर्वमा गाइने गीत ठाउँ अनुसार विभिन्न किसिमले घन्कन्छन् भने यी गीतका बोल, लय र भावार्थसमेत भिन्नाभिन्नै र थरीथरीका हुन्छन् । गीतहरू जुन प्रकारका भए पनि यसै पर्वविशेषमा गाइने भएकाले तिनलाई साझा रूपमा तिजका गीत भन्ने गरिएको पाइन्छ र ती गीत यसै नामले चिनिन्छन् (पराजुली २०५७ : १७७) ।

नेपालको भू-धरातल पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पूर्ण वा आंशिक रूपमा भए पनि नेपाली तिजेगीतले आफ्नो स्थान सुरक्षित गर्दै आइरहेको छ । खासगरी भाद्र महिनाको शुक्ल पक्षमा पर्ने तिजका बेला साथी सङ्गी मिली आफ्ना मनका भावनाहरूलाई तीजे गीत मार्फत गाइने चलन छ । शिक्षित, अशिक्षित, बालक, वृद्ध, युवा, युवती आदि सबै वर्गका

मानिसहरूका मनलाई छुन सफल भएकाले नेपाली तिजेगीतको क्षेत्रपनि व्यापक एवम् विशाल बन्न पुगेको छ ।

तिजेगीतका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका विभिन्न क्षेत्रहरू मध्ये लेखनाथ १३ पनि एक हो । विभिन्न सांस्कृतिक एवम् परम्परागत मुल्य मान्यताको अस्तित्व बोकेको नेपालको पहाडी क्षेत्रमा पाइने प्राय जसो तिजेगीतको प्रचलन यहाँ पनि रहेको पाइन्छ । बाहुन, क्षत्री, गुरुङ, मगर, नेवार आदि जस्ता जातिहरूको विशेष बसोबास रहेको यस क्षेत्रमा विशेषगरी हरेक प्रकारका पर्वगीतहरू पाउने गरिन्छ । विभिन्न पर्वहरू मध्ये तिज पनि नारीहरूको महत्वपूर्ण पर्वका रूपमा रहेको छ । प्रस्तुत अध्ययन पत्रमा नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगर्त कास्की जिल्लामा पर्ने लेखनाथ १३ मा प्रचलित तिजेगीतका बारेमा अध्ययन विश्लेषण गरिएको छ ।

## १.२ अध्ययन पत्रको शीर्षक

प्रस्तुत अध्ययन पत्रको शीर्षक लेखनाथ १३, क्षेत्रमा प्रचलित तिजेगीतहरूको अध्ययन रहेको छ ।

## १.३ प्रयोजन

प्रस्तुत अध्ययन पत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पृथ्वीनारायण क्याम्पस नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं (५४०-६) को आंशिक प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.४ समस्याकथन

लेखनाथ १३ क्षेत्रमा प्रचलित तिजेगीतहरूको अध्ययनलाई ३ वटा बुँदामा समेटिएको छ ।

क) लेखनाथ १३ को भौगोलिक क्षेत्र कस्तो छ ?

ख) लेखनाथ १३ का प्रचलित तिजेगीतको अध्ययन र वर्गीकरण कसरी गर्न सकिन्छ ?

ग) यस क्षेत्रका तिजेगीतहरूको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

## १.५ उद्देश्य

यस अध्ययन पत्रको मुख्य उद्देश्य नेपालको पश्चिमाञ्चल विकास क्षेत्र गण्डकी अञ्चल, कास्की जिल्लाको लेखनाथ नगरपालिका वडा नं. १३ क्षेत्रमा प्रचलित तिजेगीतहरूको अध्ययनका क्रममा देखापरेका समस्याहरूको पहिचान गरी यस अध्ययन पत्रलाई अगाडि बढाउनका लागि निम्न लिखित उद्देश्यहरू राखिएका छन् ।

क) लेखनाथ १३ को भौगोलिक क्षेत्रको परिचय दिनु ।

ख) यहाँका प्रचलित तिजेगीतहरूको सङ्कलन, अध्ययन र वर्गीकरण गर्नु ।

ग) लेखनाथ १३ क्षेत्रका तिजेगीतहरूको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको विवरण

लोकसाहित्य अन्तर्गत रहेको प्रमुख विधाको रूपमा एउटा विधा लोकगीत हो । लोकगीत लोकजीवनको हाँसो, आँसु, सुख दुःख आदि अवस्थासँग लोकगीत रमेको हुन्छ । यही लोकगीतको भेद मध्ये पर्वगीत अन्तर्गत पर्ने तिजेगीत पनि एक हो । मानव सभ्यताको विकाससँगै लोकसाहित्य अन्तर्गत लोकगीतको विकास हुँदै आएको पाइन्छ । तिजेगीतरू समग्र रूपमा केही सङ्कलन र प्रकाशनमा आए पनि लेखनाथ १३ मा प्रचलित तिजेगीतहरू को बारेमा आजसम्म कसैले पनि अध्ययन विश्लेषण गरेको पाइँदैन । लेखनाथ १३ क्षेत्रमा प्रशस्त तिजेगीतहरू घन्किरहेका छन् । त्यसैले यहाँ त्यस्ता महत्वपूर्ण कृतिहरूलाई पूर्वकार्यका रूपमा उल्लेख गरी तिनीहरूको विवरण निम्नानुसार छ ।

लक्ष्मण लोहनीद्वारा लिखित रोदीघर कृतिमा नेपाली लोकगीतका प्रस्तुत भेदहरूलाई विभिन्न तरिकाबाट व्याख्या विश्लेषण गरी परिचय दिने कार्य गरिएको छ । यस कृतिमा लोकगीतमा व्यक्त हुने विविध विषयवस्तुका आधारमा विश्लेषण गर्दै समसामयिक गीत अन्तर्गत भ्याउरे भजन, चुड्का तिजेगीत, संगिनी, देउडा, देउसी, भैलो, बालन, कर्खा, रत्यौली, मालसिरी, बाह्रमासे, फागु, चौतारी, गवोरा आदि गीतको चर्चा गरिएको छ । त्यस्तै समसामयिक नृत्यगीत अन्तर्गत मारुनी, सोरठी, खैजडी, डम्फु, बालन, करुवा, धान नाच जस्ता पन्ध्र वटा गीतको सोदाहरण विवेचना गरिएको छ (लोहनी, २०१३ : १५६-१७२) । यसरी यस कृतिले प्रसस्त मात्रमा लोकगीत नृत्यलाई परिचित तुल्याउने कार्य गरेको छ तर लेखनाथ क्षेत्रका तिजेगीत भनेर चर्चा गरिएको छैन ।

तिजका अवसरमा दरखानेका निम्ति विवादित नारीहरूलाई माइतीहरू लिन आउँछन् । दरखाने दिनको राती र तीजकै दिन व्रत बस्दा नारीहरू तिजको गीत गाउँछन् (बन्धु २०५८: १६४) माइत जानेहरूको आनन्द र उमङ्ग अनि माइत जान नपाउनेहरूका व्यथा र मर्मलाई तिजका गीतहरूमा व्यक्त गरिएको हुन्छ ।

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको पुन्यवती पौडेलको साँगे क्षेत्रमा प्रचलित तिजेगीतको सङ्कलन र अध्ययनमा समाजशास्त्रीय दृष्टिकोणबाट साँगे क्षेत्रमा प्रचलित तिजेगीतको विश्लेषण गरिएको छ (पौडेल, २०६० : ३७-४५) तापनि लेखनाथ १३ क्षेत्रको तिजेगीतको विस्लेषण गरिएको छैन ।
नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको टीकाराम काफ्लेको पैयुँखोले तिजेगीतको अध्ययन विश्लेषणमा सामाजिक जीवन चित्रण,आर्थिक जीवन चित्रण, सांस्कृतिक जीवन चित्रण, प्राकृतिक जीवन चित्रण, ऐतिहासिक जीवन चित्रण विश्लेषण गरिएको छ (काफ्ले, २०६२ : १९-२६ ) तापनि लेखनाथ १३ क्षेत्रको तिजेगीतको अध्ययन र विश्लेषण गरिएको छैन ।

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको शान्तकुमारी गौतमको तिजेगीतका विशेषतामा सामुहिक रूपमा स्त्रीजातिहरूबाट मात्र गाइनु, नारी वेदनामा हनु, पर्व विशेषमा मात्र गाइनु, नृत्य वाद्यको समेत प्रयोग हुनु, पुनरावृत्ति हुनु, सहज उपलब्धता, भाषामा मौलिकता र सरलता, विषयगत विविधता पाइनु, गीतमा प्रस्नोत्तर प्रवृति हुनु, यथार्थता तथा सामाजिकता हुनु (गौतम, २०६३ : १३-१६) भनेर राखिए तापनि लेखनाथ १३, क्षेत्रका तिजेगीतका विशेषता भनी उल्लेख गरिएको छैन ।

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको गीता अधिकारीको कार्कीनेटा क्षेत्रमा प्रचलित तिजेगीतका अभिव्यक्त विषयमा धार्मिक पक्ष, सामाजिक पक्ष, राजनैतिक पक्ष, आर्थिक पक्ष, शैक्षिक पक्ष, सास्कृतिक पक्ष, स्थानीय पक्षको चित्रण गरिएको छ (अधिकारी, २०६४ : २०-२५) तापनि लेखनाथ क्षेत्रको विषयवस्तु समावेश गरिएको छैन ।

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको हीरादेवी शर्माको बलेवा क्षेत्रका प्रचलित तिजेगीतमा सामाजिक, पौराणिक, ऐतिहासिक, राजनैतिक,

शैक्षिक, दार्शनिक, आर्थिक, उपदेशमूलक र संस्कृतिमूलक तिजेगीत भनी उल्लेख गरिएको छ (शर्मा, २०६५ : २२-२६) तापनि क्षेत्रको तिजेगीत भनी उल्लेख गरिएको छैन ।

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको ईश्वरी प्रसाद पौडेलले विषयवस्तु आधारमा जमुनी, सोरहवा र मैना पोखर गा.वि.स. का तिजेगीतहरूको अध्ययन वर्गीकरण गरेका छन् (पौडेल, २०६७ : १४-१९) तापनि लेखनाथ १३ क्षेत्रको तिजेगीतको अध्ययन विश्लेषण गरिएको छैन ।

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको विजय खनालको देउराली क्षेत्रमा प्रचलित तिजे गीतको सङ्कलन वर्गीकरण र विश्लेषणमा कास्की जिल्लाको देउराली क्षेत्रको तिजेगीतको प्रयोजन तथा महत्व दर्साइएको छ (खनाल, २०६८ :३७-३९) तापनि लेखनाथ १३ क्षेत्रको तिजेगीतको प्रयोजन तथा महत्वलाई दर्साइएको छैन ।

नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका निम्ति तयार गरिएको शर्मिला पोखरेलको काहुक्षेत्रमा प्रचलित तिजेगीतमा सस्कारगत गीतहरूको चर्चा गरीएको छ ( पोखरेल, २०६९ : २१-२२) तापनि लेखनाथ १३ क्षेत्रको तिजेगीतको बारेमा अध्ययन गरिएको छैन ।

यसरी तिजेगीतको अध्ययन गर्ने प्रयासहरू व्यापक रूपमा हुँदै आइरहेको छ तर यहाँका तिजेगीतको विषयमा विस्तृत रूपमा अध्ययन भएको छैन । माथि उल्लेखित केही कार्यहरू तिजेगीतका विषयमा चर्चा भएका छन् तर यी आ-आफ्ना क्षेत्रमा कन्द्रित रहेका छन् । अरू लेखक अन्वेषकले अध्ययन र विश्लेषण नगरेको लेखनाथ १३ का तिजेगीतहरूलाई यस अध्ययन पत्रमा अध्ययन र विश्लेषण गरिएको छ ।

## १.७ अध्ययन कार्यको औचित्य

नेपाली लोक साहित्यको प्रभावशाली विधा हो । पौराणिक महत्व बोकेको हिन्दु नारीहरूको महान् पर्व तीजका अवसमा नारीहरूले मनका कथा र व्यथाहरूलाई तिजेगीतका माध्यमबाट अभिव्यक्त गर्ने गर्दछन् । त्यसैगरी लेखनाथ १३ मा प्रचलित तिजेगीतहरूको अध्ययन विश्लेषण गरी यहाँको रीतिस्थिति, चालचल, भेषभूषा र सामाजिक गतिविधिका बारेमा जानकारी राख्न खोज्नेहरूलाई र यहाँको लोक संस्कृति तथा लोक साहित्यको अध्ययन

अनुसन्धान गर्न चाहनेहरूलाई यस अध्ययन कार्यबाट बढी लाभ मिल्ने छ। यस अनुसन्धानले लेखनाथ क्षेत्रको तिजेगीतको अध्ययन अध्यापन कार्य गर्न जो कोहीलाई सहयोग मिल्ने हुनाले यसको औचित्य स्वत स्पष्ट हुन्छ।

## १.८ अध्ययन विधि

यस अध्ययनको शीर्षक "लेखनाथ १३ क्षेत्रमा प्रचलित तिजेगीतको अध्ययन" भएकाले तिज पर्वका अवसरमा यस क्षेत्रका प्रत्येक टोल तथा गाउँ पुगी तिजेगीत गाउने नारीसँग प्रत्यक्ष सहभागी भई सामग्री सङ्कलन गरिएको छ। साथै सम्बन्धित विषय क्षेत्रका व्यक्तिहरूसँग छलफल गरिएको छ। तिजेगीतको सङ्कलनमा स्थलगत अध्ययन विधि र सैद्धान्तिक तथा विश्लेषण मूलक प्रस्तुतिका निम्ति पुस्तकालयीय विधिको प्रयोग गरिएको छ।

क) पुस्तकालयीय विधि

ख) स्थलगत अध्ययन विधि

**क) पुस्तकालयीय विधि :** प्रस्तुत अध्ययन पत्रको लागि आवश्यक पुस्तकालयीय विधिबाट विभिन्न पुस्तकहरूबाट खोजी गरी यस विधिको प्रयोग गरिएको छ।

**ख) स्थलगत अध्ययन विधि :** प्रस्तुत अध्ययनको सम्बन्धमा स्थलगत भ्रमण गरी प्राप्त सामग्रीको अध्ययन सङ्कलन गर्ने, छलफल गर्ने काम गरिएको छ। स्थलगत अध्ययनको क्रममा टेप रेकर्ड, मोवाइल आदिको प्रयोग गरी लेख्य रूपमा उतारिएको छ।

## १.९ अध्ययन कार्यको क्षेत्र र सीमा

लेखनाथ १३ नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलमा पर्ने कास्की जिल्लाको सदरमुकामबाट पूर्वी दक्षिण भागमा अवस्थित छ। यही लेखनाथ १३ मा प्रचलित तिजेगीतहरूको अध्ययनमा प्रस्तुत कार्य केन्द्रित छ। त्यसकारण यो अध्ययन पत्र सिङ्गो लेखनाथ क्षेत्रमा पाइने तिजेगीतहरू नहेरी लेखनाथ १३ का तिजेगीतहरूलाई मात्र आधार बनाएर यसैभित्र सीमित रही अध्ययन विश्लेषण गरिएको छ।

## १.१० अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययन पत्रलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्न लिखित अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ ।

पहिलो अध्याय : विषय परिचय

दोस्रो अध्याय : लेखनाथ १३, क्षेत्रको परिचय

तेस्रो अध्याय : तिजेगीतको सैद्धान्तिक परिचय

चौथो अध्याय : लेखनाथ १३, क्षेत्रमा प्रचलित तिजेगीतको अध्ययन विश्लेषण

पाँचौ अध्याय : उपसंहार

परिशिष्ट

# दोस्रो अध्याय

# लेखनाथ १३ को परिचय

## २.१ लेखनाथ क्षेत्रको भौगोलिक स्वरूप र अवस्थिति

नेपाल राज्यको गण्डकी अञ्चल कास्की जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित साहित्यिक स्रष्टा कविशिरोमणि लेखनाथ पौडेलको नामबाट २०५३ सालमा गठन गरिएको लेखनाथ नगरपालिका हो । लेखनाथ राखी, शिशुवा र बेगनास गा.वि.स.लाई समायोजन गरी वि.सं. २०५३ माघ १८ गते गठन भएको नगरपालिका हो र यसै नगरपालिकाले वि.सं. २०७१ मा भरतपोखरी गा.वि.स.लाई पनि समेटेको छ । १५ वटा वडाहरू रहेको यस नगरपालिकामा भरतपोखरीका ३ वटा वडा गाभेर १८ वटा वडामा लेखनाथ नगरपालिका रहेको चर्चित नगरपालिका बनेको छ ।

लेखनाथ नगरपालिका अक्षांश २८$^{\circ}$५' उत्तरदेखि २८$^{\circ}$१२' उत्तरी अक्षांश देशान्तर ८४$^{\circ}$२' पूर्वदेखि ८४$^{\circ}$८' पूर्व देशान्तर रहेको छ। समुन्द्र सतहबाट यसको उचाई तल्लो भाग ४९० मिटर ले.न.पा. १३ (कोत्रे) उच्च स्थान १२१७ कोटवारी, सिरान डाँडा, ले.न.पा. १० बेगनास रहेको छ। तापक्रमका हिसाबले २५.५० सेल्सियस, अधिकतम १३.० सेल्सियस, न्यूनतम क्षेत्रको औषत तापक्रम भएको यस २१.६० सेल्सियस रहेको पाइन्छ। यहाँको हावापानी समशीतोष्ण खालको रहेको छ। लेखनाथ नगरपालिकाको १८ वटा वडा मध्येको लेखनाथ १३ पनि एउटा वडा हो । यस क्षेत्रलाई पूर्वमा तनहूँको कोत्रे, एक्लेखेत वडा नं. १५ को मालेपाटन पश्चिममा वडा नं. १४ को सातमुहाने र माथिल्लो गगन गौँडा, उत्तरमा वडा नं. १४, १५ वडहरे र त्यस्तैगरी दक्षिणमा वडा नं. १६ भरतपोखरीले यसको सिमाना छुट्याएको छ ।

## २.२ सामाजिक रहनसहन

सामाजिक अवस्था भन्नाले कुनै पनि स्थानमा बसोबास गर्ने विभिन्न जातजातिका रहनसहन, भेषभूषा, संस्कार आदिको सामूहिक अवस्थालाई बुझिन्छ। यस क्षेत्रमा विशेष गरेर ब्राह्मण, क्षत्री, गुरुङ, नेवार, घर्ती, मगर, कामी, दमाई, सार्की, ठकुरी, जोशी, गिरी आदि जातिको बसोबास रहेको पाइन्छ। यस क्षेत्रका मानिसहरूले विशेषगरी महिलाले, साडी, ब्लाउज, चोली,

लुङ्गी आदि लगाउँछन् भने आजकलका युवतीहरू टि-सर्ट, पाइन्ट, जामाका साथै कुर्था, सुरुवाल लगाउने गर्दछन् । लोग्ने मानिसहरूमा अलि बुढापाकाहले दौरा सुरूवालका साथै शिरमा टोपी लगाउँछन् भने अधवैंसे मानिसहरूले कोट, सट, पाइन्ट, इस्टकोट आदि लगाउँछन् युवकहरूले आधुनिक पोसाकहरू प्रायः सर्ट पाइन्ट, टि-सर्ट आदि लगाउँछन् ।

लेखनाथ १३, को मानिसहरूको मुख्य पेसा कृषि पशुपालन, वैदेशिक रोजगार, निजामती सेवा, सेना, प्रहरी, व्यापार आदि देखिन्छन् । नेपालमा हाल चलिआएको पैसा कमाउने विदेश जाने लहरको प्रभाव यस क्षेत्रमा पनि परेको पाइन्छ ।

लेखनाथ १३ को जनसंख्याको स्थिति हेर्दा २०६८ सालको जनगणना अनुसार घरधुरी १,६६८ जम्मा जनसंख्या ६,५०२ मा पुरुष २,९८० र महिला ३,२१२ जना रहेका छन् । जनसंख्या बृद्धिदर २.९ प्रतिशत जनधनत्व ५.१ प्रतिशत बसाइँसराइको स्थिति ०.९ प्रतिशत रहेको छ (स्रोत : वार्षिक नगर विकास योजना) ।

यो ठाउँ विविध धर्मावलम्वीहरूको बसोबासको ठाँउ हो धर्मका आधारमा हेर्दा पहिलो स्थानमा हिन्दू दोस्रो स्थानमा बौँद्ध धर्म पर्दछन् भने छिटपुट रूपमा क्रिश्चियन र मुस्लिम धर्मावलम्वीहरू पनि भेटिन्छ ।

## २.३ चाडपर्वहरू

लेखनाथ १३ मा सबै जात जातिको बसोबास रहेता पनि विशेष गरी हिन्दूको बाहुल्यता रहेका कारण सबै जातिले दशैं, तिहार, तीज, जनैपूर्णिमा, शिवरात्रि आदि पर्व धुमधामका साथ मनाउने गरेको पाइन्छ । हिजोआज आएर गुरुङ जातिले ल्होसार, टोटे पर्व मनाउन थालेका छन् । तथापि धर्मका आधारमा यहाँ चाडपर्वमा कट्टरता छैन त्यसैले सबै चाड पर्वहरू हिन्दू बौद्ध दुवै धर्मावलम्बीले समान रूपमा मान्दछन् ।

## २.४ मठमन्दिर

लेखनाथ १३ मा हिन्दू धर्मावलम्बी बढी भएका कारण शिव मन्दिर, गणेश मन्दिर, राम मन्दिर रहेका छन् । यस्तै बौद्ध धर्मावलम्बीको पनि बौद्ध गुम्वामा गएर पूजा गर्दछन् ।

लेखनाथ १३ को राजाका चौतारा भन्ने ठाउँमा शिव पार्वतीको मन्दिरमा श्रावण महिनाभरि पूजा आराधना गरिन्छ त्यस्तै शिवरात्रीका दिन बेलपत्र, दूध चढाउने र रात्रिमा ध्वनि जगाउने गरिन्छ। यस शिव पार्वतीको मन्दिरले आफ्नै महत्व बोकेको छ।

## २.५ आर्थिक अवस्था

मानिस समाजमा बस्ने सामाजिक प्राणी हो। उसलाई आफ्नो जीवन चलाउनका लागि धन सम्पत्तिको आवश्यकता पर्ने हुन्छ। 'विनाधन केही नभन' भन्ने नेपाली उखान नै छ। आर्थिक उपार्जनका लागि यहाँका मानिस कुनै न कुनै पेसासँग सम्बद्ध छन्। समाजमा धनी गरीब दुवै वर्गका मानिसहरूको बसोबास रहेको छ।

यहाँ मुख्य पेसाको रूपमा कृषिलाई लिइएको छ। मुख्यतया खेतीपाती गरेर यहाँका मानिसहरूको दैनिक जीवनको निर्वाह गर्ने गर्दछन्। भारतीय सेना बेलायती सेनामा संलग्न व्यक्तिहरू जोड्दा सैनिक पेसामा हुने व्यक्तिहरू दोस्रो स्थानमा पेसाका दृष्टिले पर्दछन् भने तेस्रो स्थानमा वैदेशिक रोजगार विशेषतः खाडी क्षेत्र पर्दछ। धान, मकै यहाँको मुख्य बाली हो भने तरकारी खेतीमा आलु मुख्य तरकारी बाली मानिन्छ।

## २.६ सांस्कृतिक अवस्था

लेखनाथ १३ क्षेत्र सांस्कृतिक विविधताले भरिएको क्षेत्र हो। यस क्षेत्रमा कुनै एक जातिको मात्र बाहुल्यता नभई बाहुन, क्षत्री, नेवार, गुरुङ, कामी, दमाई, सार्की, लगायतका हिन्दू धर्मावलम्बी र मुस्लिम धर्मावलम्बी रहेका छन्। त्यसैले जाति अनुसार जन्म, मृत्यु लगायत अन्य सांस्कृतिक संस्कारहरूमा विविधता पाइन्छ। तथापि भौगोलिक, सामाजिक लगायत अन्य परिवेशका कारण रीतिरिवाज केही समानता पनि पाइन्छ।

यहाँ विशेष गरी हिन्दू धर्मावलम्बी बसोबास भएकाले लेखनाथ १३ का वासिन्दाहरू आफ्नै तरिकाले जन्म संस्कार र मृत्यु संस्कार सम्पन्न गर्ने क्रममा जन्मदा जन्मेको दिनदेखि ११ औँ दिनसम्म सुत्केरो बार्ने चलन र ११ औँ दिनमा न्वारान गरेपछि बालकको शुद्ध हुने चलन छ। भने मृत्यु संस्कारमा मृत्यु भएको दिनदेखि १३ औँ दिनसम्म जुठो बारी १३ औँ दिनमा आफ्नो संस्कार अनुसार शुद्ध चलन छ।

बौद्ध धर्मावलम्बीहरूले बुद्ध पूर्णिमा र हिन्दू धर्मावलम्बीहरूले अन्य प्रमुख चाडपर्वहरू सबै जातजाति मिली मनाउने गरेको पाइन्छ। जसले गर्दा यस क्षेत्रमा धार्मिक सहिष्णुताको अनुपम नमुना पाइन्छ।

## २.७ शैक्षिक अवस्था

२०६८ को जनगणनाको तथ्याङ्क अनुसार लेखनाथ १३ क्षेत्र शिक्षाका हिसाबले राम्रै खालको रहेको देखिन्छ। यस क्षेत्रको साक्षरता ८५ प्रतिशत रहेको छ। (वडा कार्यालय सूचना शाखा) गैरदलित समुदायका व्यक्तिहरू बढी साक्षर छन् भने दलित जातिका मानिसहरू कम साक्षर रहेको पाइन्छ।

शिक्षाका लागि २ वटा सरकारी उच्च माध्यमिक तहसम्मका सामुदायिक विद्यालय रहेका छन् भने निजी स्तरका विद्यालय ४ वटा माध्यमिक स्तरका विद्यालयहरू रहेका छन्।

## निष्कर्ष

कास्की जिल्लाको दक्षिण पूर्वी भाग अन्तरगर्त पर्ने लेखनाथ क्षेत्र समथर भू-भागमा अवस्थित छ। समथर भू-भाग रहेको उब्जाउ भूमि राम्रो भएको, यस क्षेत्रमा चिम्ट्याइलो दोमट माटो पाइन्छ। यस क्षेत्रमा ब्राह्मण, क्षत्री, गरूङ, मगर, घर्ती, ठकुरी, जोशी, गिरी, दमाई, सार्की आदि जातिको बसोबास रहेको पाइन्छ। विशेष गरी हिन्दू धर्मालम्वीहरू बसोबास भएको लेखनाथ १३, का बासिन्दाहरूका जाति धर्म भाषा संस्कृतिमा विविधता भए तापनि यहाँका मानिसहरूमा धार्मिक सहिष्णुता पाइन्छ। हिन्दूको बाहुल्यता रहेका कारण सबै जातिले दशैं, तिहार, जनैपूर्णिमा आदि पर्ब धुमधामका साथ मनाउने गरेको पाइन्छ। नेपाली भाषाले सम्पर्क भाषाको काम गरेको पाइन्छ। यहाँको प्रमुख पेसा कृषि हो भने जागिर वैदेशिक रोजगार, व्यापार आदि सहायक पेसाका रूपमा पाइन्छन्। शिक्षाका दृष्टिले यो क्षेत्र त्यति नराम्रो देखिँदैन यहाँको साक्षरता प्रतिशत हेर्दा ८५ प्रतिशत देखिन्छ। २ वटा उच्च मा.वि. ४ वटा निजी स्तरका बोर्डिङ स्कुल रहेका छन्। यस क्षेत्रको विकासका लागि कृषि पशुपालन व्यापार व्यवसाय आदिलाई अझ विशिष्टीकरण गरेको खण्डमा आयआर्जन तीव्रता देखिन्छ।

# तेस्रो अध्याय

# लोकगीतको सैद्धान्तिक परिचय

## ३.१ लोकसाहित्यको चिनारी

लोक धातुमा 'घय' प्रत्यय लागेर (लोक + अञ (अ) = लोक शब्द बनेको हो, लोक शब्दको प्रयोग स्थान र लोक व्यवहारमा रमाउने सामान्य जनताका रूपमा छ भने 'सहित' शब्दमा 'य' प्रत्यय जोडिएर बनेको साहित्य शब्दको अर्थ लोक हितकारी भावनाले युक्त लालित्यमय भावनापूर्ण भाषिक कला हो । अब लोक साहित्य शब्दको अर्थ हुन्छ विशेष भू-खण्डमा बस्ने सामान्य जनताको हितकारी भावनाले युक्त लालित्यमय तथा भावपूर्ण अभिव्यक्ति (गौतम, २०६० : ३४३) अंग्रेजी फोक लिट्रेचर (Folk literature) को समानार्थी शब्द लोकसाहित्य हो । युगौँदेखि मौखिक वा श्रुति परम्पराबाट आउने र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अलिखित साहित्य नै लोकसाहित्य हो व्यक्ति विशेषको रचना भएर पनि सामुहिक हुनु र अलिखित रूपमा हुर्के र पनि जनमानसमा रहिरहनु यसका पहिचान हुन् (पराजुली, २०५७: २६) । लोक साहित्य लोक जीबनमा प्रचलित एक अर्काबाट श्रुति परमम्परामा जीवित कलात्मक अभिव्यक्ति हो ।

लोकसाहित्य मौखिक परम्परामा हुर्किएको श्रुति हो । यो साहित्यले जनमानसमा लोकब्यबहार, मनोरञ्जन, आदान-प्रदानका क्रममा स्वभाविक स्वच्छन्दता साथसाथै सरल पाराले गायन वाचन र श्रवण गरिन्छ । त्यसैले यो साहित्यमा लोकजीवनको सलबलाई हुन्छ अलिखित काब्यकुञ्ज नै लोकसाहित्य हो (आचार्य, २०६८ : ७) ।

यसरी लोक साहित्यलाई चिनाउने कममा विभिन्न विद्वान्हरूले विभिन्न अवधारणा प्रस्तुत गरेका छन् । अतः निष्कर्षमा भन्नुपर्दा मौखिक परम्पराबाटै हुर्किएको त्यस्तो भाषागत अभिव्यक्ति हो, जो श्रुति परम्परा नै जीवित रहँदै जनमानसमा लोकव्यवहार, मनोरञ्जन, स्वच्छन्द, सरल, सरस पाराले गायन, मञ्चन तथा श्रवण गर्ने परिपाटीभित्र रहेर युगौँदेखि चल्दै आएको साहित्य नै लोकसाहित्य हो । जुन समाजमा विशेषत अलिखित रूपले जीवित रहेको हुन्छ ।

## ३.२ लोकगीत

लोकगीत लोकले गाउने परम्परा प्रचलित गीत हो, जुन अङ्ग्रेजी भाषाको फोकसङ (Folk song) को पर्यायका रूपमा आएको पाइन्छ। लोकगीतलाई जनगीत ग्रामगीत आदि पनि भन्ने गरिएको पाइन्छ। झ्याउरे शब्दलाई पनि लोकगीतकै पर्यायका रूपमा लिएको पनि पाइन्छ (पराजुली २०५७ : ६४-६६)। लोक भनेको जनसाधरणको समष्टि सिङ्गो रूप हो। लोकगीतलाई हेर्दा पनि त्यसले लोक जीवनकै गेयात्मक अभिव्यक्ति प्रतिनिधित्व गरेको पाइन्छ। गीतलाई थोरै शब्दमा धेरै कुरा अटाउने कर्णप्रिय तथा गेयसाध्य हुने भएकाले पनि गीत साह्रै लोकप्रिय विधाका रूपमा स्थापित छ (पराजुली २०५७ : ४३)।

लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो। यसमा लोकजीवनका दुःख सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चालचलन विधि व्यवहार, आस्या र मान्यताको चित्रण हुन्छ यसमा लोकको सम्पूर्ण चित्र प्रस्तुत भएको हुन्छ (बन्धु २०५८ : ११५) थोरै शब्दमा धेरै कुरा अटाउने कर्णप्रिय तथा गेय साध्य हुने भएकाले गीत साह्रै लाकप्रिय विधाका रूपमा स्थापित छ (पराजुली, २०५७ : ४३)। जनमानसमा रहेको विशेष गरी श्रुति परम्परामा जीवित गेयात्मक प्रस्तुति नै लोकगीत हो।

लोकगीत नदीको प्रवाहमय गति जस्तै, हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ। यसले ग्रामीण समाजलाई मात्र प्रभाव नपारी समग्र रूपमा मानव समुदायलाई नै

प्रभाव पार्दै शीतलता प्रदान गर्ने काम गर्दछ। जसरी एउटा बगिरहेको नदीले झासझुस फोहर मैला बगाएर लैजान्छ, त्यस्तै लोकगीतले पनि आफ्ना गेयात्मक जादुका माध्यमबाट आफ्ना जीवनका दुःख पीडा र विषमतालाई धुने वा पखाल्ने काम गर्दछ। नेपाली लोकगीतमा आवश्यकता अनुरूप नृत्य र बाजाको समेत प्रयोग हुने भएकाले यसले लोक जीवनको सामाजिक सांस्कृतिक, ऐतिहासिक, आर्थिक आदि विभिन्न स्थितिको परिचय दिनका साथै समयको गति मधुर बनाइरहने क्षमता राखेको हुन्छ। लोकगीतलाई चिनाउनका लागि विभिन्न विद्वान्हरूको परिभाषा यस प्रकार रहेको छ।

यसरी लोकगीत एउटै विषयवस्तु एउटै स्वरलहरी र कुनै व्यक्ति विशेष तथा कुनै भू-खण्डमा मात्र सीमित नहुने हुँदा तिनलाई एउटै परिभाषामा समेट्न सम्भव छैन। उपयुक्त

विद्वान्हरूका परिभाषामा पनि एक रूपता आउन सकेको छैन । कसैले अर्थलाई जोड दिएका छन् भने कसैले लयलाई वास्तवमा लोकगीत सांस्कृतिक परिवेश अनुरूप समकालीन सामाजिक चेतनाको लयात्मक रूपमा हुने अभिव्यक्ति हो ।

## ३.३ लोकगीतका प्रकार

लोकगीतको वर्गीकरण गर्ने काम त्यति सजिलो नभएर पनि विभिन्न आधारमा विभिन्न प्रकारले विभाजन गरेको पाइन्छ। हुनत : लोकगीतको विभाजनमा सबै विद्वान्हरू एकमत हुन सकेका छैनन् तापनि विभिन्न विद्वान्का विचारहरू समेतलाई संयोजन गरी वर्गीकरण गरिएको छ। धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतलाई सात भागमा विभाजन गरेका छन् ।

१. सामान्य गीत
२. संस्कार गीत
३. ऋतु वा व्रत सम्बन्धी गीत
४. कर्म गीत
५. पर्व गीत
६. लोक नृत्य वा नृत्य गीत
७. विविध (थापा र सुवेदी २०४१ : ९४)

चूडामणि बन्धु (२०५८ : १२१) ले निम्नानुसार वर्गीकरण गरेका छन् ।

१. सहभागिताका आधारमा (एकल गीत, दोहोरी गीत, समुह गीत)
२. लय वा भाकाका आधारमा (द्रुतलय, मध्यलय, विलम्बितलय)
३. प्रकार्यका आधारमा (धार्मिक गीत, ऋतु तथा पर्वगीत, अनुष्ठानमूलक तथा संस्कारगत गीत, श्रम गीत)

क्षेत्रीय आधारमा, लोकगीतका प्रकार, प्रस्तुतिका आधारमा, जातीय आधारमा, आकारका आधारमा, समयका आधारमा, उमेरका आधारमा, लिङ्गका आधारमा, सहभागिताका आधारमा, बनोटका आधारमा र विषयमा आधारमा लोकगीतलाई वर्गीकरण गरेका छन् । उनीहरूको वर्गीकरण अनुसार विषयका आधारमा धार्मिक गीत, सांस्कृतिक गीत र श्रमगीत रहेका छन् सांस्कृतिक गीतको संस्कार गीतभित्र पर्वगीत अन्तर्गत तिजेगीत रहेको छ (शर्मा र लुइटेल २०६३ : ७९-८४) ।

यसरी लोकगीत लोकसाहित्यको प्रमुख विधा जस्तै तिजेगीत लोकगीतका विभिन्न गीत मध्ये पर्वगीय अन्तर्गतको प्रमुख भेद भएकाले यसको स्थान पनि लोकगीतमा अग्रस्थानमा नै रहेको छ। लोकगीतबाट अलग्याएर तिजेगीत हेर्न नमिल्ने हुनाले तिजेगीत लोकगीतको अभिन्न अङ्ग बनेको छ।

## ३.४ तिजेगीतको सैद्धान्तिक परिचय तथा परम्परा

लोकगीतका विभिन्न विधा र उपविधाहरू रहेका छन्। ति विभिन्न विधाहरू मध्ये तिजेगीत पर्वगीत अन्तर्गत पर्दछ। तीज हरितालिका हिन्दू नारीहरूको सांस्कृतिक पर्वका रूपमा प्रसिद्ध छ हरेक वर्ष खासगरी भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाइने तीजको परम्परा पौराणिक कथासँग जोडिएको छ। हिमालय र मेनकाले पार्वतीलाई विष्णुसँग बिहे गरिदिने अठोट गरेका थिए तर पार्वतीले मन पर्ने महादेवलाई वरण गरिसकेकी हुँदा उनी सखीको सहयोगले वनमा गएर लुकिन् र महादेवलाई पाउन रातभरी जाग्राम बसेपछि बेलुकी रूख मुनि बसेर दुई कोसा केरा खाई व्रत बसिन्। त्यसै व्रतका प्रभावले उनको मनोकाङ्क्षापूर्ण भयो। त्यो समय भाद्रशुक्ल तृतीयामा थियो त्यही व्रतका प्रभावले मनोकाङ्क्षा पुरा भयो।

तिजको परम्परा कहिलेदेखि सूत्रपात भयो भन्ने सन्दर्भमा यसको खोजी गर्दै जाँदा परापूर्वकालको सत्ययुगसम्म पुग्नुपर्ने देखिन्छ। जतिबेला हिमालय पर्वतकी छोरी पार्वती भगवान् शिवलाई पति पाउँ भनी भाद्र तृतीयाका दिन निराहार व्रत बसेर व्रतका प्रभावका कारणले गर्दा नै शिवजीलाई पतिका रूपमा प्राप्त गर्न सफल भइन्। यसरी पार्वतीले मनोकाङ्क्षा पूर्ण भएको हुनाले नारीहरूले पनि तिजको व्रत बस्न थालेको किंवदन्ती रहिआएको छ।

त्यसैगरी अर्को किंवदन्ती अनुसार एक समयमा शिवजी र पार्वती दुवै भोकै बस्ने होडबाजी चलेको थियो र भाङ्धतुरो खाएका शिवजीलाई खानाको वास्ता नभएको तर पार्वती भोकले आत्तिएर विष्णु भगवान्लाई सम्झेका, अनि विष्णु आएपछि सरस्वती देवीलाई बोलाएका, अनि सरस्वती देवीले वीणा बजाउँदै गीत गाइन् अनि विष्णु भगवानले थपडी बजाएपछि पार्वती उठेर नाच्न थालिन्। यस्तो मनोरञ्जनपूर्ण मिठो सङ्गीतको आवाज अनि नाचेको थपडी बजाएको आदि क्रियाकलापले गर्दा शिवजीको निन्द्रा खुलेछ। यो सबै क्रियाकलाप गरेको दिन भाद्र तृतीयाको दिन थियो। आफूलाई व्युँझाउन यसरी नाचगान गरेको देखेर

शिवजी खुसी भई पार्वतीलाई वरदान दिएछन्- “यो दिन जस जसले भोके बसेर नाच-गान गरेर तिम्रो पूजा गर्छ उसको मनोकाङ्क्षा पूर्ण हुनेछ ।” यसरी पार्वतीले शिवजीबाट वरदान पाएको दिन भाद्र शुक्ल तृतीयाको दिन परेको हुनाले अधिकांश नारीहरूले आफ्नो अटल सौभाग्य तथा पतिको दीर्घायुका लागि तिजमा निराहार व्रत बसी शिवजी र पार्वतीको पूजा गर्ने चलन छ। यसरी नै गीत गाउने नाच्ने चलन पनि त्यसै समयदेखि नै शुरु भएर आजसम्म कायम रहिआएको छ

महादेव र पार्वती कैलाशबाट मर्त्य लोकमा यात्रा गर्दा पार्वतीले नानाभाँती दु:ख पाएका नारीहरूलाई कसरी तिनको उद्धार गर्न सकिन्छ भनी भगवान् महादेवसँग उपाय सोधिन् । महादेवले पनि भाद्र तृतीयाका दिन निराहार व्रत बसी शिव-पार्वतीको पूजा आराधना गरेर रातभरि जाग्राम बसेमा पाप नाश हुने, सौभाग्य बढ्ने र सन्तानको समेत कल्याण हुने कुरा बताए। यसरी नारीले इच्छित बर पाउने आन्तरिक भावना अथवा सधैँभरि आफ्ना जीवनसाथीसँग रहन पाई सौभाग्यवती हुने कामना तिजको व्रतसँग गाँसिएको जनविश्वास पनि रहिआएको छ। वास्तवमा यस्तै व्रत एवम् उपासनाका बेला अर्थात् विविध चाड र उत्सवका प्रसङ्गमा गाइने गीतहरूलाई नै तिजेगीत भनिन्छ

तिजे मुख्य विषयवस्तु चेलीबेटीको पीडा आँसु उत्पीडन र सुस्केरा हुन्छ। यसमा माइतीको सम्झना अत्यन्त मार्मिक ढङ्गमा गरिएको हुन्छ। नारी जीवनका विविध मर्मले स्थान पाउने तिजका गीतहरूमा हार्दिक अभिव्यक्ति छचल्किएको हुन्छ। घर तिरको दुखेसो र माइती तिरको सखेसोमा तरङ्गित तिजेगीत मुख्यत नारीहरूका बिलाप र क्रन्दनका रूपमा अभिव्यक्त भएको हुन्छ (शर्मा,लुँइटेल २०६३ : ११९) ।

तिजे गीत एकल रूपमा गाउन सकिने भए तापनि प्राय: सामुहिक रूपमा गाइन्छ। यो नारीहरूले गाउने गीत हो। खासगरी पहिलेपहिले तिजेगीत थपडी बजाएर मात्र गाउने गरिन्थ्यो हाल बिभिन्न वाद्यवादनको प्रयोग गरेर तिजेगीत गाउने गरिन्छ। पहिला पहिला नारीहरू आँगनमा, मन्दिरमा, चौरमा जम्मा भई तिजेगीत गाउने गर्दथे। आजकल सार्वजनिक स्थल तथा मञ्चहरूमा तिजेगीत गाउने गरिन्छ। हिन्दू नारीको महान् चाड तिजको प्रमुख विषयवस्तु चेलिबेटीको सुख दु:ख, पीडा, आँसु, उत्पीडन र संस्कारसँग जोडिएको पाइन्छ। तिजेगीतले देशको संस्कृति, धर्म, इतिहास, स्थानीयता राजनीति, प्राकृतिक प्रकोप, विकृति विसङ्गति आदि पक्षलाई पनि आत्मसात गरेको पाइन्छ ।

नेपाली नारीहरूको महान चाड तिजको बेला सबै जसो महिला माइतीघर जाने हुँदा उनीहरू स्वतन्त्रपूर्वक निर्धक्कले आफ्ना दुःख, व्यथा वेदना, घरमा सासू-ससुराको व्यवहार र आफूले भोगेका पीडाजनक अभिव्यक्ति गीत मार्फत पोखेर मनलाई हलुङ्गो पार्दछन् । केही दिन भए पनि घरको कामधन्दाबाट मुक्त भएका दिदीबहिनीहरू घर माइतका सुखदुःखका क्षणहरूलाई गीतमा उनेर एक अर्कालाई सुनाउने गर्दछन् । तिजका बेला नेपाली नारीहरूले विशेषगरी रातो रङ्गका झिलीमिली कपडा गरगहना लगाई नाडीका चुरा छमछम बजाउँदै नाचिरहेको दृश्य अति नै रमणीय देखिन्छ ।

द्वितीयाको राति दर खाएर तृतीयाको दिन नेपाली नारीहरू निर्जला व्रत वसी शिव पार्वतीको पूजा आराधना गर्दछन् । अविवाहित महिलाहरू सुयोग्य बर प्राप्तिका लागि र विवाहित महिलाहरू पति वा परिवारको कल्याणका लागि निराहार व्रत बस्दछन् । यसरी तिज वा हरितालिकाको प्रसङ्ग पार्वतीले महादेवलाई पतिका रूपमा प्राप्त गर्ने सन्दर्भसँग गाँसिएको छ (शर्मा र लुँइटेल २०६३ : ११९) ।

सामाजिक घटनाहरूका सेरोफेरोमा नै तिजेगीतहरू केन्द्रित रहेका हुन्छन् तापनि सभ्यताका नाममा रहेको असभ्यता र संस्कृतिको नामका रहेको विकृतिलाई उदाङ्ग पार्न समेत यी गीतहरू सफल भएका छन् । एकातिर पति, सासू, जेठानी, नन्द र सौताबाट अपहेलित भएका सुस्केराहरूले प्रत्येक मानिसको हृदयलाई छिया-छिया पार्न खोज्छन् भने अर्कोतिर सामाजिक यथार्थलाई उजागर गर्नका साथै समसामयिक घटनाहरूलाई समेटी चेलीबेटीहरूले श्रोताको मनलाई स्पर्श गर्ने तरिकाले तिजेगीत गाउने गर्दछन् ।

यसरी तिज हिन्दू नारीहरूको धार्मिक सांस्कृतिक साथै राष्ट्रिय पर्व भएकाले कार्यालयहरूमा काम गर्ने महिलाहरूलाइ तिजको दिन र पञ्चमीको दिनगरी दुई दिन सरकारी बिदा समेत दिने चलन छ । द्वितीयाको दिन दरखाने, तृतीयाको दिन व्रत बस्ने नाचगान गर्ने, चतुर्थीको दिन चोखो खाने नाचगान गर्ने, पञ्चमीको दिन ऋषिहरू पूजा गर्ने र नाचगान गरी तिज पर्व समाप्त गर्ने चलन छ ।

अन्तमा तिज हाम्रो संस्कृतिको धरोहर हो यस अनुरूप तिजका गीतहरूले पनि देशको संस्कृति, धर्म, इतिहास जातियता र स्थानीयता समेतलाई आत्मसाथ गरेको पाइन्छ । त्यसैले तिज पर्व मात्र नभएर हाम्रो इतिहास समाज र संस्कृतिको एउटा सानो दर्पण पनि हो यस्तो

पर्वलाई आजभोलि आएर केही फेसमा डुबेका र आभूषणका साङ्लामा बाँधिन चाहने स्त्रीहरूले धमिल्याउन खोजेको पाइन्छ। ऋण गरेर भए पनि गहनागुरिया, लत्ताकपडा किन्ने प्रवृत्ति अवश्य पनि हाम्रो समाजका लागि विकृति सिवाय केही होइन। चाडपर्व आफ्नो औकात र हैसियत अनुसार मनाउनु संस्कृतिलाई बचाउन हो भने समाजमा अरूको अगाडि तडकभडक देखाई आफ्नो वडप्पन प्रस्तुत गर्दै अनावश्यक फेसन प्रदर्शन गर्नु र खानपानमा पनि त्यस्तै प्रकारको भड्किलोपनलाई प्रोत्साहित गर्नु समाजका लागि विकृति हो। हाम्रो संस्कृतिलाई बचाएर चाडपर्व मनाउन तर्फ सचते हुनु जरूरी छ। त्यसैले पढेलेखेका र चेतनशील महिलाहरूले यस दिशातर्फ समयमै पाइला चालेर तिजको वास्तविक मूल्यलाई संरक्षण गर्नु आजको अपरिहार्य दायित्व हो।

## ३.५ तिजेगीतका तत्वहरू

संरचनागत र प्रस्तुतिगत दृष्टिले केलाउँदा गीति कवितामा रहने तत्व गीतमा पनि रहेका हुन्छन्। यसरी हेर्दा संरचना, लय गेयता, कथन पद्धति, भाषा, भाव र शैली तिजेगीतका प्रमुख तत्व हुन् भने नृत्य वाद्ययवादन काव्यात्मकता थेगो निरर्थक अंश झाँकी, स्थायी अन्तर अभिनय, पहिरन आदि सहायक तत्व हुन्।

**(क) संरचना**

संरचना भनेको गीतको बनोट हो। मौखिक रूपमा गेयात्मक आउने गरी सहज र स्वतस्फूर्त हुने गरी कथिने र भनिने प्रक्रिया नै संरचना हो। संरचना बाह्य र आन्तरिक गरी दुई तहमा भेटिन्छ। बाह्य संरचनामा गीतको आवरण तथा पहिरन हो भने आन्तरिक संरचना वस्तुको सिलसिलेवर संयोजन गरिएको सारपूर्ण टुङ्ग्याउनी हो। बाह्य संरचना रूप हो भने आन्तरिक संरचना गीतको सार हो भन्न सकिन्छ।

**(ख) लय**

गीतले अंगालेको गेयात्मक स्वरूपलाई लय भनिन्छ। लयमा आवद्ध पदावलीद्वारा नै गीतमा भाव वा विचारलाई अभिव्यक्त गरी सम्प्रेषण गर्ने काम हुन्छ। लयद्वारा नै गीतलाई भावात्मक गहिराइमा पुऱ्याएर रागात्मक अनुभूति प्रदान गर्ने काम गरिएको हुन्छ। लोकलयमा तिजेगीत रचिएका हुन्छन्। लयमा स्थायी अन्तर रहेको हुन्छ तर लय विना गीतको कल्पना हुन सक्दैन।

### (ग) गेयता

लयलाई गीतिमयमा पुऱ्याउने शैलीलाई गेयता भनिन्छ। श्रुति मधुरताले गीतलाई प्रभावकारी बनाउँछ। साधरण रूपमा लय र गेयता समान जस्तै देखिए पनि लय भनेको चरणबद्ध बनोट हो भने गेयता चाहिँ श्रुति मनोहर बनाउने सुरिलो गायन शैली हो। त्यसैले तिजगीतमा गेयतालाई अत्यावश्यक मानिन्छ।

### (घ) कथन पध्दति

तिजेगीतमा आफ्ना कुनै पनि विचार अनुभूति र ज्ञानको सम्प्रेषण गर्नु आवश्यक ठानिन्छ। वर्णनात्मक आख्यानात्मक, नाट्यात्मक आदि कुनै पनि किसिमको कथ्यलाई प्रस्तुत गरिने ढाँचा वा रीति नै कथन पद्धति हो। तिजेगीत प्राय समूहमा गाइने गरिन्छ। त्यस्तै संवादात्मक कथन प्रयोग तिजेगीतमा दुईथरी जोडी मिलेर पनि गाइन्छ। समूह गायनमा जनुसुकै गीत भए पनि त्यहाँ कथन पद्धतिको आवश्यकता पर्ने हुँदा तिजेगीतमा कथन पद्धति पनि महत्वपूर्ण तत्व मानिन्छ।

### (ङ) भाषा

भाषा तिजेगीतको अर्को महत्वपूर्ण तत्व हो। तिजेगीतको भाषा सरल सरस स्वतःस्फूर्त हुन्छ। अनावश्यक कृत्रिमता थपेको भाषा कुनै पनि गीतको लागि सुहाउँदैन गीतको संवाहक नै भाषा भएकाले भाषा विना गीत सम्भव छैन। तिजेगीतमा प्रसाद, गुण र माधुर्य गुण स्वाभाविक रूपमा पाइन्छ।

### (छ) भाव

लोकगीतको केन्द्रीय वा आत्मा नै भाव हो। यसको सृजना कुनै घटना परिवेश वा अन्तर क्रियाद्वारा हुन्छ तिजेगीतको पनि केन्द्रीय कथ्य भाव नै हो। सरल सुवोध्य भाषा र गेयात्मक प्रस्तुति गीतको शरीर हो भने भाव, मर्म यसको आत्मा हो। घर परिवार र समाज संस्कृति चेतन अचेतन आदिका माझबाट अन्तदेखि नै व्यक्ति हुने संवेदनशील प्रतिक्रिया भाव बनेर हृदयलाई छुन्छ।

### (ज) शैली

गीतको अभिव्यक्ति गर्ने ढङ्गलाई शैली भनिन्छ। यसमा अधिकांशत लोकशैलीको प्रयोग भएको हुन्छ। लोकशैली अकृत्रिम र सरल हुन्छ। यसमा शैली साधारण किसिमको हुन्छ। शैली भावलाई भाषामा अभिव्यक्त गर्ने विशेष प्रकार भएकाले यसलाई लोकगीतको अनिवार्य तत्व मानिन्छ। यस तत्व अन्तर्गत सङ्गठनात्मक ढाँचा चयन अग्रभूमिकरण भाषिक विविधता र अभिव्यक्ति ढाँचा आदि पर्दछन्।

### निष्कर्ष

तिजेगीत सामान्य लोकका हृदयबाट निस्कने अभिव्यक्ति हो। यसले खासगरी ग्रामीण अपठित लोकजीवनको वास्तविक चित्र प्रस्तुत गर्दछ। मानसिक तृप्ति मनोरञ्जनात्मक वृद्धि मानिसका स्वाभाविक चाहना हुन्। यी चाहना पुरा गराउन मनलाई विरेचन गर्न गीतका तत्वले भूमिका खेलेको हुन्छ। तिजेगतिका तत्वहरू संरचना, लय, गेयता, कथन पद्धति, भाषा, भाव, शैलीले गीतलाई सार्थक तथा मार्मिक तुल्याएका हुन्छन्। यी तत्वहरूको उपस्थिति तिजेगीतमा स्वत रूपमा भएको हुन्छ। थप आनन्द प्रदान गर्न, गीतलाई अझ घतिलो, रसिलो भरिलो बनाउन पनि नृत्य र वाद्यवादनको सहायक भूमिका खेलेको हुन्छन्।

## ३.६ तिजेगीतका विशेषता

हिन्दू नारीहरूका लागि महान चाडको रूपमा तिजलाई लिइन्छ। यो चाड अति रमाइलोसँग मनाइने गरिन्छ। यस चाडमा नारी जतिसुकै घर व्यवहारमा व्यस्त भए पनि रमाइलोसँग मनाइने गर्दछन्। तिजेगीतका आफ्नै विशेषताहरू रहेका हुन्छन्। ति विशेषताहरूलाई निम्नानुसार उल्लेख गरिएको छ।

### (क) पर्व विशेषमा मात्र गाइनु

तिजका गीतहरू विशेषगरी हरितालिका तिजका बेला भाद्र शुक्ल प्रतिप्रदादेखि पञ्चमीसम्म अर्थात् तीजको अवसरमा मात्र गाइने भएकाले अरू समयको बेलामा तिजेगीत गाइँदैन त्यसैले यसलाई पर्वगीत मानिन्छ।

### (ख) नारी वेदनाका सुस्केरा हुनु

तिजको महत्वपूर्ण विशेषता नारी वेदनासँग सम्बन्धित छ । प्राय तिजेगीतमा नारीले भोगेका दुःख र वेदना नै प्रमुख रूपमा आएको पाइन्छ । पुरुषप्रधान हाम्रो देशमा नारीप्रतिको बक्रदृष्टिकोण अझै मेटिएको छैन । नारीहरू परिवार समाज बाट उपेतिक्ष भएका कुराहरू गीतमा प्रयोग भएको पाइन्छ । चेलीको वेदना, छोरीको बेदना, सौता झलल, आमा आदि तिजेगीतमा नारी बेदनाका सस्केरा रहेको छ :

छोरी पढ्न हुँदैन भन्छ हाम्रो समाज
मुख्य कुरो यसैले त पाऱ्यो खराब ...... (छोरीले पढ्नु हुँदैन)

त्यो ठाउँमा खन्नु रैछ बुहारी ले कोदाली
मोरम् कि झैं लाग्छ  तालमा फदाली.........( छोरीको वेदना)

जन्म दियौ हुर्कायौ दुख गरी पढायौ
आज आइ म दुखीलाई पराइ बनायौ...........( आमा)

### (ग) सामूहिक रूपमा स्त्री जातिहरूबाट मात्र गाइनु

नारी जातिकोमात्र सहभागिता रहने हदा पुरूषहरूको उपस्थिति तिजेगीतमा हुँदैन । तिजेगीतमा एक्लै एक्लै नगाइकन नारीहरू समूहमा बसेर तिजेगीत गाउने गर्दछन् । समाज जीवनका सामूहिक भावना मुखरित भएको पाइन्छ । नारीले भोगेका पीडा, छट्पटी, हाँसो, आँसु एवम् मान्छेका चाहनालाई सामूहिक रूपमा तिजेगीतमा व्यक्त गरिएको हुन्छ । ती पक्षहरू एउटी नारीको मात्र नभएर समग्र नारीका भावना हुन् भन्ने कुराको झलक तिजेगीतले प्रस्तुत गरेका हुन्छन् ।

### (घ) सहज रूपमा उपलब्ध हुनु

तिजेगीतका सूत्रपातकर्ता अर्थात् तिजेगीतका सृजनशील स्रोत भनेका ग्रामीण समुदायका नारीहरू हुन् । नारीहरूले जे देखे जे भोगे जे सुने त्यही आधारमा तिजेगीतको रचना गरेका हुन्छन् । सामूहिक रूपमा सार्वजनिक स्थलमा धनक्क धन्काएर गाउने गर्दछन् । व्यक्ति

विशेषको नभएर समाजको प्रतिविम्ब आउने हुदा सामूहिक प्रस्तुति हुन्छ । तिजेगीतमा कुनै किसिमको जटिलता नभई सहजता हुन्छ र क्रितिमता पाइदैन । त्यसैले तिजेगीत सहज रूपमा उपलब्ध हुन सक्नु यसको विशेषता हो ।

**(ङ) शब्द दोहोरिएर आउनु (पुनरावृत्ति)**

तिजेगीतको गायनमा पुनरावृत्ति बढी हुन्छ । पुनरावृत्ति हुने पक्ष भनेको शब्द उपवाक्य एवम् पंक्तिहरू हुन् । पुनरावृत्ति हुने शब्दहरूमा बरिलै भगमानलाई भेटन, त्यस्तै कान्लामूनिको ठूलो ढुङ्गोमा घरमा छैन जस बरिलै पुनरावृत्ति हुने उपवाक्यमा हो बरिलै पुरावृत्ति हुने पंक्तिहरूमा तिजेगीतका एक-एक वटा पंक्तिहरू हुन् । यसरी शब्द उपवाक्य एवम् पंक्ति जे को पुनरावृत्ति भए पनि तिजेगीतमा पुनरावृत्तिको बाहुल्य हुन्छ :

कहाँ जान आयौं मैना चरी बगल
बरिलै भगवानलाई भेटन
नी बरिलै भगवानलाई भेटन ……… (भगवान्लाई भेटन)

माइतमा छैनन् जन्म दिने आमा
घरमा छैन जस बरिलै
घरमा छैन जस बरिलै………….(कान्ला मूनिको ठूलो ढुङ्गो)

**(च) विषयगत विविधता पाइनु**

सुरुसुरुमा तिजेगीतहरू देवताको स्तुतिगान गरेर गाइने गरिन्थ्यो तर समयको परिवर्तनसँगै तिजेगीतमा पनि धेरै नै परिवर्तन आएको पाइन्छ । जस्तो पहिले देवताहरूको स्तुतिलाई भक्ति भावना बढी केन्द्रित भएका पाइन्थे, तर हाल आएर तिजेगीतमा सासू-बुहारीका गन्थन, समाजमा पुरूषद्वारा नारीप्रति बक्रदृष्टिले हेरिनु, छोराछोरीमा भएको असमानता, गहनागुरिया सम्बन्धी कुराहरू, विसङ्गति विकृति सम्बन्धी, आर्थिक अवस्था सम्बन्धी, नारी जागरण सम्बनधी आदि विषयवस्तुमा केन्द्रित भएको पाइन्छ । यस अध्ययन पत्रमा सङ्कलित प्रमुख तिजेगीतहरूका नमुनाहरू यस प्रकार छन् ।

क) धर्म सम्बन्धी- धर्मलाई आधार बनाएर गाइएका तिजेगीतहरू धर्म सम्बन्धी तिजेगीत हुन् । यस्ता तिजेगीतमा भगवान्को सम्झना गर्दै गाइएका हुन्छन् :

कहाँ जान आयो मैनाचरी वगल
बरिलै भगवानलाई भेटन
नि बरिलै भगवानलाई भेटन ........ (भगवानलाई भेटन)

ख) छोराछोरीको भेदभाव सम्बन्धी- हाम्रो समाजमा छोरा र छोरी बिच गरिने भेदभावलाइ तिजेगीत मार्फत् व्यक्त गरिएको पाइन्छ :

छोरी पढ्न हुँदैन भन्छ हाम्रो समाज
मुख्य कुरो यसैले पाऱ्यो खराब

ग) आर्थिक अवस्था सम्बन्धी- समाजमा देखिएका सम्पन्न र विपन्न बीचको दूरीलाई देखाउनु नै आर्थिक अवस्था हो । गरिबीको पीडाले सताइँदा मानिस ज्यादै दुखी हुने कुरालाई यहाँ तिजेगीत मार्फत् देखाइएको छ :

तिज आयो भनेर सबका छोरी हरर
हाम्रा छोरी डाँडापारी रुन्छन् धरर
छोरी ल्यायो भनेर केही छैन दिनलाई
एकै छाक खुवाउला बावु जाउ लिनलाई ...... (गरिबीको व्यथा)

घ) विकृति र विसङ्गति सम्बन्धी-समाजमा भैरहेका राम्रा कामलाई छाडेर नराम्रो कार्य तिर अगाडि बढ्नु नै विकृति विसङ्गति हो । त्यसकारण त्यस्ता नराम्रो पक्षलाई यहाँ तिजेगीत मार्फत् व्यक्त गरिएको छ :

महिला पुरुष समान भनी पिउछन् सँगै बसेर
एक गिलास त थपौँ भन्छन् कम्मर कसेर ..... ( विकृति विसङ्गति)

**(छ) गीतमा प्रश्नोत्तर प्रवृत्ति हुनु**

अत्यधिक तिजेगीतहरू प्रश्नोत्तर बिहीन हुन्छन् भने कुनै तिजेगीतहरू प्रश्नोत्तरको शैलीलाई

बोकेर आएका पनि देखिन्छन् । त्यसैले गीतमा प्रश्नोत्तर शैली भेटिनु पनि तिजेगीतको एउटा विशेषता हो । जस्तै :

सासु : भात पकाए काँचै हुन्छ तरकारीमा नुन बढी
कस्ती मैले बेहोर्नु पऱ्यो बुहारी
बुहारी : सासु भनी हक चलाउन नखोज है म मा
ढले लोटा उठाइ थिइन मैले माइतमा ...........(सासू बुहारी)

**(ज) भाषामा सरलता**

तिजेगीतको भाषामा आफ्नै किसिमको मौलिक अभिव्यक्ति पाइन्छ। अरू कुनैबाट पनि प्रभावित नभई आफ्नै खालको मौलिक सृजना र सरल प्रस्तुति तिजेगीतमा पाइन्छ । जस्तै :

लेखनाथ नगर सात तालको सहर
कृषिमा गाई पालनको भयो रहर ........ (कृषिमा क्रान्ति आयो)

**(झ) स्थानीय, यथार्थता र सामाजिकता हुनु**

तिजेगीतमा हाम्रो समाजमा घटेका घटनाहरूलाई जस्तो छ त्यस्तै प्रकारको यथार्थ रूपमा प्रतिम्बित भएको पाइन्छ। तिजेगीत लोक जीवनकै अभिव्यक्ति भएकाले यसमा समाजको हाँसो र आँसु रहेको हुन्छ । तिजेगीतमा स्थानीय घटना तथा परिवेशलाई बढी महत्व दिएर प्रस्तुत गरेको पाइन्छ :

लेखनाथका बासिन्दा रामजी बादल
राजनीतिमा लागेका हुनरे आजकल ......... (राजजी वाद्यलको मृत्यु)

**निष्कर्ष**

माथि उल्लेखित बाहेक तिजेगीतका विभिन्न पक्ष र क्षेत्रबाट हेर्दा थुप्रै विशेषताहरू पनि हुन सक्लान् । भावपक्षबाट सौन्दर्य पक्षबाट हेर्दा तिजेगीतका विशेषता अरू पनि थपिन सक्छन् तर जेहोस् तिजेगीत लोकजीवन विशेषत ग्रामीण महिलाका ढुकढुकी भएरै यसभित्र लोक जीवनका अनुभूतिहरू सल्लबलाइरहेका हुन्छन् ।

## ३.७ तिजेगीतको प्रयोजन तथा महत्त्व

हिन्दू नारीहरूको महान् चाड हरितालिका तिज भाद्र शुक्ल प्रतिपदाका दिनदेखि पञ्चमीका दिनसम्म मनाइने नारीहरूको महान् चाड हो। समाजमा भए गरेका राम्रा नराम्रा सबै कुराहरूलाई समाजकै अगाडि भएका घटना क्रमहरूलाई रसात्मक ढङ्गले प्रस्तुत गरिन्छ। आफ्नो मौलिक संस्कृतिको जगेर्ना गर्ने हिसाबले समाजमा भएका हाँसो आँसु प्रस्तुत गर्नु नै तिजेगीतको यद्देश्यहरू हुन्। सामाजिक विकृति विसङ्गतिको निराकरणको निम्ति चेतना फैलाउनु, आफ्नो मौलिक सस्कृतिको जगेर्ना गर्नु आदिमा तिजेगीत रहेको हुन्छ। जनचेतनाको प्रचार गर्नु पनि तिजेगीतको प्रयोजन तथा महत्व रहेको छ। तिजेगीतको प्रयोजन तथा महत्वलाई मुख्यतया निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

**(क) मनोरञ्जन प्रदान गर्नु**

तिजेगीत लोकजीवनका महिला दिदी बहिनीद्वारा सङ्गीतबद्ध भएर प्रादुर्भाव भएको एक मीठो स्वर ध्वनि हो। नारीहरूले तिजेगीत प्रस्तुत गर्दा श्रोताहरू मन्त्रमुग्ध हुन्छन् र उनीहरूको तिजेगीत प्रस्तुतिले समाजमा मनोरञ्जन प्रधान गरेको अनुभूति हुन्छ। तिजेगीतका माध्यमबाट वर्षभरि पाएका दुःख सुख, व्यथा वेदनाका पोकाहरू र समाजमा भए गरेका राम्रा नराम्रा कामहरूको बारेमा नारीहरूको सबैमा सुनौ सुनौ हुने गरी मनोरञ्जनात्मक र व्यङ्गात्मकपाराले गाउँदा श्रोता पनि आनन्दित हुन सक्नुमा तिजेगीतको महत्व झल्किन्छ।

**(ख) सामाजिक महत्व**

तिजेगीत लोकगीतको एक हाँगो भएकाले यसले लोकजीवनको यथार्थ ढुकढुकीलाई आत्मसात गरेको हुन्छ र त्यस समाजको रहन सहन आचार, विचार, खानपान, चालचलन, रीतिस्थितिको यथार्थ चित्रण तिजेगीतबाट स्वच्छ समाजको परिकल्पना गरिन्छ। विषयवस्तु समाजको प्रस्तुति पनि समाज नै हुने हुँदा समाजमा तीजे गीतले महत्वपूर्ण स्थान ओगट्न सफल भएको छ।

**(ग) ऐतिहासिक महत्व**

कतिपय तिजेगीतहरूमा पुराना राजनीति घटना सामाजिक घटनाहरूको प्रस्तुति पाइन्छ त्यसले

इतिहासलाई आधुनिक मानवसमक्ष पुऱ्याउने काम गरेको छ। देशको इतिहासमा कुन-कुन समयमा कस्ता कस्ता घटना घटे भन्ने कुरालाई तिजेगीत मार्फत् व्यक्त गर्नु र स्वरूप कुन अवस्थामा कस्तो थियो भन्ने कुराको जानकारी तिजेगीतबाट पाउन सकिन्छ। त्यसैले अचानक सेती नदी आयो उर्लेर भन्ने गीतले ऐतिहासिक घटनालाई उजागर गरेको छ।

(घ) **सांस्कृतिक महत्व**

समाजका रहनसहन रीतिरिवाज परम्परा विश्वास जीवन दर्शन सामाजिक मान्यता आदिको समन्वित रूपलाई संस्कृति भनिन्छ। तीज धार्मिक सांस्कृतिक पर्वका रूपमा देखापर्छ। तिजगीतले समेत सांस्कृतिक पक्षको आलोकलाई प्रशस्त मात्रामा जीवित पारेको पाइन्छ। यसले नेपाली हिन्दू संस्कृतिको जगेर्नाका लागि विशेष महत्व लिएको छ। सत्य युगमा हिमालय पर्वतकी छोरी पार्वतीले शिवजी वर पाउँ भन्ने व्रत र पूजा गर्ने चलन त्यसै समयदेखि परम्परागत रूपमा हालसम्म चलि आएको हो हाम्रा संस्कृति महतवलाई तीजे गीतले वहन गरेको छ। संस्कृतिक मूल्य मान्यतालाई तिजेगीतमा अभिव्यक्त गरेको पाइन्छ। त्यसैले संस्कृतिक महत्व रहेको छ।

(ङ) **साहित्यिक महत्व**

साहित्यका विविध विधामध्ये लोक साहित्य एवम् लोकगीत महत्वपूर्ण विधा मानिन्छ र लोकगीतभित्र पर्ने पर्वगीत अन्तरगतको तिजेगीतले नेपाली साहित्यको विकासमा पनि योगदान पुऱ्याएको पाइन्छ। तिजेगीत साहित्यभित्रको एक उपभेद हो र साहित्य भन्दा अलग हुन सक्दैन। त्यसैले तिजेगीतले साहित्यिक महत्व बोकेको हुन्छ।

(च) **मनोविकारको विरेचन**

मानवीय पीडालाई पखाल्ने काम तिजेगीत मार्फत हुन्छ। अन्तर हृदयका पीडाहरू तिजेगीत गाएर प्रस्तुत गर्दा मन हल्का भएको महसुस हुन्छ साथै आफूप्रति अरूले गर्ने गरेका अन्याय अत्याचारपूर्ण व्यवहारमा भएका क्लेशलाई धोइपखाली सफा गर्ने काम गर्दछ त्यसैले यस्तो किसिमको हल्का हुनुनै मनोबिकारको बिरेचन हुनु हो।

## निष्कर्ष

तिज नेपाली नारीहरूको महत्वपूर्ण चाड हो। यसको प्राचीनता शिव र पार्वतीको युगसम्म तन्केको देखिन्छ। मूलतः नारी वेदनका सुस्केरा पाइनु पर्व विशेषमा नारीहरूद्वारा मात्र गाई, गीतमा प्रश्नोत्तर शैली पाइनु, भाषामा सहजता र स्वभाविकता भेटिनु अनि विविध विषयवस्तुको उपस्थिति भेटिए पनि खासगरी सामाजिक यथार्थताकै अभिव्यक्ति बढी पाइनु तिजेगीतको निजी वैशिष्ट्य हो। मूलतः तिजेगीतका सामाजिक महत्व, मनोरञ्जन प्रदान गर्नु ऐतिहासिक महत्व, सास्कृतिक महत्व, मनोबिकारको बिरेचन गर्नु र मनको बह पोख्न र समाजमा देखिएका विकृति एवम् विसङ्गतिहरूको चित्रण गर्नु र चेतनाको ज्योति फैलाई स्वच्छ समाजको परिकल्पना गर्न खोज्नुमा तिजेगीत केन्द्रित भएको देखिन्छ।

# चौथो अध्याय

## लेखनाथ १३ क्षेत्रमा प्रचलित तिजेगीतको अध्ययन

तिजका बेला यहाँका नारीहरूले व्रत बसी पूजापाठ गरी आफ्नो पति वा परिवारको समृद्धि र कल्याणको चाहना गर्दछन् र विवाहित नारीले पतिको दीर्घायुको कामना गर्दछन् भने अविवाहित नारीले योग्य पति प्राप्तिको आशा राख्दछन् ।

यो पर्व महादेव र पार्वतीको सन्दर्भसँग जोडिएको पाइन्छ । लोक जीवनको सहज र सरल अभिव्यक्ति मानिने लोकगीतमा लोकजीवनका विविध पाटाहरूको विषयवस्तु समावेश भए जस्तै लेखनाथ १३, क्षेत्रमा गाइने तिजेगीत पनि त्यस्ता विषयवस्तुबाट अलग छैनन् । । यहाँ गाइने तिजेगीतहरूमा पनि जीवन भोगाइका सम्पूर्ण पाटाहरू उदाएर आएका छन् । यसरी लेखनाथ क्षेत्रमा गाइने तिजेगीतहरूले यस भेगको समाज, त्यस समाज अन्तर्गत बिद्यमान संस्कृति, प्रकृति आर्थिक अवस्था, जीवनस्तर नीति उपदेश आध्यात्मिक, धार्मिक मानसिक राजनीतिक प्राकृतिक प्रकोप जस्ता अवस्थाहरूको समेत चित्रण गरेका छन् । यहाँका समाजमा विभिन्न वर्गका मानिस बसोबास गर्दछन् । समाजमा शिक्षित अशिक्षित सम्पन्न बिपन्न हरेक प्रकारका अनुभूति बटुलेका नारीहरू तिजेगीतको माध्यमबाट विषयवस्तुलाई देशमा भइरहेका घटनाहरूलाई यथार्थ ढङ्गले प्रस्तुत गर्ने काम गरेका हुन्छन् । त्यस्तै देशमा भइरहेको प्रकृति प्रकोप र त्यसले पुऱ्याएको क्षतिका बारेमा र देशमा चलेको बिकृति विसङ्गतिलाई पनि तिजेगीतबाट प्रस्तुत गर्ने काम भएको पाइन्छ ।

तिजका गीतहरूमा नेपाली नारीका पीडा, रोदन, क्रन्दन, विलाप, उत्पीडन, सुस्केरा, आँसुको अभिव्यक्तिसँगै माइतीको सुखशयलको वर्णन अनि बावुआमा, दाजुभाइ, भाउजु, बुहारी, भतिजा आदिको सम्झना गर्दै मार्मिक अनुभूतिहरू छताछुल्ल भएका हुन्छन् ।

तिजको ऋषि पञ्चमीको दिनसम्म तिजगीत गाउने चलन छ । टोल-टोलमा महिलाहरू जम्मा भएर सामूहिक रूपमा मादल, खैजडी, आदि जस्ता वाद्यवादनको प्रयोग गरी तिजगीत गाउँदछन् । यस क्षेत्रका तिजेगीतलाई मुख्यतया वर्गीकरण गरिएको छ ।

## ४.१ स्वरूपका आधारमा लेखनाथ १३ क्षेत्रका तिजेगीतको वर्गीकरण

लोक गाथाले दिने लोकगीतको विराट स्वरूप आज नेपाली लोक साहित्यले प्राप्त गर्न सकेको छैन। यसको अभाव हटाउन सुदुर पश्चिमाञ्चलका भारत र धमारी जस्ता लोकगाथाहरूले भने महत्वपूर्ण भूमिका ओगटेका छन् तर कथानक र आख्यान बिना नै पनि अन्तरमनका भावनाहरूलाई सम्प्रेषणीय रूपमा व्यक्त गर्ने क्रममा गीतले मध्यम आकार, लघु आकार र लघुत्तम आकारमा आफ्नो स्वरूप स्थापना गरेको देखिन्छ।

### ४.१.१ लघुत्तम आकारका तिजेगीत

लुघत्तम आकारका तिजेगीतमा मुक्त गीतहरूलाई लिन सकिन्छ। यसमा जीवनको एक झिल्का मात्र झल्किएको हुन्छ। यस्ता गीतहरू दुई हरफदेखि चार हरफसम्म हुन्छन्।

कान्लामुनिको यो ठूलो ढुङ्गो
मलेवा चरीको बास बरिलै
आफ्नी आमालाई रुँदैरुँदै छोडियो
अर्काकी आमाको टस बरिलै ………… (कान्लामुनिको यो ठूलो ढुङ्गो)

बाँसुरी बज्यो जमुनाको तीर
भैया मेरा हराए हेर राजै
बाँसुरी बज्यो जमुनाको तीर ……….. (बाँसुरी बज्यो जमुनाको तीर)

यसरी लघुत्तम आकारका आधारमा तिजगीतको वर्गीकरण गरिएको छ।

### ४.१.२ लघु आकारका तिजेगीत

लघुत्तमभन्दा ठूलो जीवनको एक विशेष परिवेशलाई लिएर भावना व्यक्त भएका तिजेगीतहरू लघु आकारका तिजेगीत हुन्छन्। यस्ता गीतमा मनमा लागेका कुराहरूलाई मीठो गरी भनिहाल्न सजिलो हुन्छ। जुन कुरा मध्यम आकारका तिजेगीतमा सकिँदैन यस अध्ययन पत्रमा सङ्कलित तथा अध्ययन गरिएका यस्ता गीतहरूमा गरिबको वेदना, देशविकास, म छोरीको घर, विकृति विसङ्गति आदि जस्ता तिजेगीतहरू पर्दछन्। यस्ता

गीतमा भावको बाहुल्य हुन्छ। यसैले यहाँ आख्यानको प्राथमिकता पाएको हुँदैन। यी गीतहरूमा कसिलो अभिव्यक्तिले मर्मस्पर्शी कुराहरूको प्रस्तुतिकरण हुन्छ :

लघु आकारका तिजेगीत
एक मानो चामल पाइन आरी भिजाउन
गाह्रो हुने रैछ आमा सासु रिझाउन ............ (छोरीको वेदना)

विकृति र विसङ्गति अन्न धन्न भाको छ
नेपाली आमालाई चिन्ता लाको छ .......... (नेपालको दुर्व्यसन)

मैलाले छाडि सके चोली साडी लाउनलाई
सभ्य ठान्छन् टिसर्ट पाइन्छ मिनी स्कर्टलाई ......... (भइरहेको विकृति)

सानो मान्छे भए पनि कति छैन बेहोर
चाँडै गरी मेला जाउ भन्छन् देओर...........(.सबैको टोकसो)

विकृति र विसङ्गति अन्न धन्न भाको छ
नेपाली आमालाई चिन्ता लाको छ.............(नेपालको दुर्व्यसन)

### ४.१.३ मध्यम आकारका तिजेगीत

लोक गाथाभन्दा छोटा कथा भएका यस्ता गीतहरूलाई मध्यम आकारका तिजेगीतको वर्गमा राख्न सकिन्छ। छोटा भए पनि आख्यानको बुई चढेका यी गीतहरूले जीवनको खास पक्षलाई व्यक्त गरेका छन्। यी गीतहरूमा जीवनको एक पाटोलाई नियाल्न सकिन्छ। किनभने यहाँ जीवनको एउटा पाटाको चित्रण भएको पाइन्छ। यसमा हालै वैशाख १२ गते गएको विनाशकारी भूकम्प, सेती नदीको बाढी, कठैवरा सतिदेवी आदि गीतहरू यसमा पर्दछन् :

वैशाख १२, ७२ साल मध्यान्नको शनिबार
गयो ठूलो भूकम्प भयो हाहाकार

केन्द्रबिन्दु गोर्खा जिल्ला वारपाक भन्ने ठाउँ थियो
धेरै ठूलो बस्ती अनि सुन्दर गाउँ थियो ........... (विनाशकारी भूकम्प)

बाध्य थियो सहन सरकारको विश्वास घात
त्यही बेलामा प्रकृतिले हान्यो बज्रपात
अन्नपूर्ण माछापुच्छ्रे पोखराको शिरैमा
धेरै ठूलो बस्ती थियो सेती तिरैमा ........... (अचानक सेती नदी आयो उर्लेर)

## ४.२ विषयवस्तुका आधारमा लेखनाथ १३ क्षेत्रको तिजेगीतको विश्लेषण

लोक-जीवनको सहज र सरल अभिव्यक्ति मानिने लोकगीतमा लोकजीवनको विविध पाटाहरूको विषयवस्तु समावेश भए जस्तै लेखनाथ क्षेत्रमा गाइने तिजेगीतहरू पनि त्यस्ता विषयवस्तुबाट अलग छैनन् अर्थात् यहाँ गाइने तिजेगीतहरूमा जीवन भोगाइका सम्पूर्ण पाटाहरू उदाएर आएका छन् । यहाँको तिजेगीतमा समाजमा घटेका घटनालाई जस्ताको तस्तै तिजेगीत मार्फत् पोख्न सक्ने क्षमता राखेको पाइन्छ । यहाँका तिजेगीतहरूमा नारीका वेदना समाजको स्थिति, संस्कृति, प्रकृति चित्रण, राजनीतिक अवस्था, छोराछोरीको असमानताको चित्रण, समाजका विकृति विसङ्गतिको चित्रण गरेका पाइन्छन् । यस क्षेत्रमा उपयुक्त विषयवस्तु र पक्षलाई विश्लेषण गर्ने काम गरिएको पाइन्छ । लेखनाथ १३ का प्राप्त गीतहरूलाई नारीपरकता, सामाजिकता, पौराणिता, स्थानीयता, प्रकृति चित्रण, आर्थिक अवस्थाको चित्रण, विकृति विसङ्गतिको चित्रण, राजनीति अवस्थाको चित्रण, विपत्तिपरक चित्रण गरी वर्गीकरण गरिएको छ ।

### ४.२.१ नारीपरकता

कोमलताकी प्रतिमूर्ति र सिर्जनाकी स्रोत मानिने नारीका विविध पक्षसँग तिजपर्वले मितेरी लगाएको हुन्छ । त्यसैले तिजलाई नारी पर्वका रूपमा पनि लिन सकिन्छ । सत्य युगमा पनि नारीको व्यथालाई यथार्थ रूपमा चित्रण गरिएको पाइन्छ । नारीका विविध रूप हुन्छन् । जस्तै आपतमा पनि धैर्य राख्न सक्ने क्षमताका साथ सधै चन्द्रमाको जस्तै शीतल किरण प्रदान गर्ने पनि नारी हो भने घरमा भाँडभैलो मच्चाएर मसानघाट तुल्याउने पनि नारी नै हो । एकातिर नारी गृहलक्ष्मी पनि हो भने अर्कोतिर रणचण्डी पनि हो । प्रायः यस भेकका

तिजेगीतहरूमा अवला नारीका व्यथा र कथाहरूले नै विशेष स्थान ओगटेको देखिन्छ ।

यहाँ चेलीको वेदना तिजेगीतमा आफ्ना माइतीमा बाबु आमा भइन्जेले आफूलाई सम्झेको र पछि दाजुभाइले कुनै वास्ता नगरेको कुरा उल्लेख गरिएको छ र माइतमा गएर चेलीले मिठो नमिठो खानेकुरा खाने मनसाय गरेको कुरा तिजेगीत मार्फत व्यक्त गरिएको छ ।

जस्तैः खानु केही नभएनी खान्थेम् मकै भुटेर

कुटुकुटु पार्दा हुम राती उठेर............(चेलीको वेदना)

त्यस्तै गरेर 'सौता झलल' तिजेगीतमा माइतीमा आफूले सुखशयल काटेको तर घरमा सासु ससुराले बुहारीमाथि अन्याय गरेको र आफू माइत बस्न गएको बेला श्रीमान्ले सौता भित्र्याएको पनि यहाँका नारीका वेदना तिजेगीत मार्फत देख्न सकिन्छ :

धेरै पछि घर हेर्दा टिनको छानो झलल

घरभित्र पसि हेर्दा सौता झलल ............ (सौता झलल)

नेपाली नारीले आफ्नो विवाह पश्चात् माइत जान नपाउँदा, आफ्नी आमाको यादमा आमाले गरेका कामहरू सम्झँदै र आमाको मृत्युपछि तिजको चाडको बेलामा आफू एक्लो भएको महसुस गरी यहाँको नारीहरूले आफ्नो नारी वेदनालाई 'आमा' शीर्षक तिजेगीतमा यसरी देखाउन खोजेका छन् :

वर्ष दिनको तिज आयो घुम्दै फिर्दै फेरी

के गरेर बस्छ्यौ आमा म नहुँदा खेरी ............ (आमा)

आफ्नो जन्मदिने आमा नभएपछि सौतनी आमाले लिन नपठाएको अवस्थालाई मर्माहत रूपमा नेपाली चेलीको वेदनालाई कान्लामुनिको ठूलो ढूङगो शीर्षक तिजगीत मार्फत् यहाँका नारीबाट प्रस्फुटित भएको देखिन्छ ।

आफ्नी आमालाई रुँदै रुँदै छोडियो

अर्काकी आमाको टस बरिलै

माइतमा छैनन् जन्म दिने आमा

घरमा छैन जस बरिलै ............... (कान्लामुनिको ठूलो ढुङ्गो)

माइती घर जाने इच्छा हुँदाहुँदै पनि भौगोलिक विकटता अथवा बाढीले गर्दा सातवटा नदी तर्न नसकेको कारण माइत आउन नसकेको चेलीको गुनासो र आक्रोश लेखनाथ १३ क्षेत्रका नारीले बाबाको दैलामुनि तिजेगीतका माध्यमबाट यसरी अभिव्यक्त गर्दछन् :

सानोमा सानो घिरिम्लाको बतिलो
टिपन सकिन खाइन बरिलै
सातै नदी पारी दिनुभयो बाबा
तरन सकिन आइन बरिलै ........... (बाबाको दैलामुनि)

यसरी नेपाली नारीहरूको आफूले भोगेका देखेका नारी वेदनालाई यहाँका नारीहरूले मर्मस्पर्शी रूपमा तिजेगीत मार्फत प्रस्ट पारेका छन् ।

### ४.२.२ सामाजिक चित्रण

व्यक्ति विनाको परिवार, परिवार परिवार विनाको समाज परिकल्पना गर्न पनि सकिदैन वा सम्भव छैन अर्थात् समाज हुनका लागि व्यक्ति व्यक्तिको आवश्यकता पर्ने हुन्छ । त्यसैले मानिसहरूको सामूह नै समाज हो समाजमा विभिन्न थरीका मानिसहरूको बसोबास रहेको हुन्छ । प्रत्येक मानिसका आ-आफ्नो सोंचाइ र मान्यताहरू रहेका हुन्छन् । मान्छेका भावना र मान्यतासँग सम्बन्धित हाँसो-आँसु, सुख-दुःख, मिलन-विछोड, आशा-निराशा, प्राप्ति-अप्राप्ति जस्ता विभिन्न समस्याहरू पनि समाजकै उपज हुन् । लोक भावनाको प्रतिनिधित्व गर्ने यस्ता गीतहरूमा सामाजिकताका झिल्काहरू प्रशस्त रूपमा देख्न सकिन्छ । यी झिल्काहरूका माध्यमबाट हाम्रो सामाजिक स्थितिको यथार्थ अध्ययन हुन सक्ने र इतिहासका अपूरा घाउहरूलाई पूर्नमा समेत मद्दत मिल्ने कुरामा दुई मत हुन सक्दैन । जीवन संघर्षको थलो हो । जितहारको प्रतियोगितामा कहिले मान्छेको जित हुन्छ कहिले हार हुन्छ । विजय हुँदा हाँस्नु र पराजय हुँदा रूनु मान्छेको स्वाभाविक प्रवृति बनेको छ । जीवनमा जयभन्दा पराजयका क्षणहरू बढी हुने हुँदा जीवनलाई जति नै मिलाउन खोजे पनि यो कुरूप बनेको देख्दा कसको पो आँसु रोकिन्छ । अझ त्यसमा पनि कोमलताका खानी र भावनाका मुहान नारीका जीवनसँग सम्बन्धित विषयमतापूर्ण समाजका विसङ्गतियुक्त सुस्केराहरू अनि विद्रोह र आँसुसँग सम्बन्धित विषयलाई यस लेखनाथ १३, क्षेत्रका तिजेगीतले चित्रण गरेका छन् ।

समाजमा घटेका घटनालाई यहाँका नारीहरूले छोरीको वेदना तिजेगीत मार्फत् व्यङ्ग्य प्रहार गरेको पाइन्छ। छोराछोरीमा गरिएको पक्षपातपूर्ण व्यवहार यहाँका नारीले सहज रूपमा व्यक्त गरेको पाइन्छ। छोरा र छोरीमा कुनै किसिमको भेदभाव नगरी समान रूपमा हेरिनु पर्ने भावनाहरू यहाँका तिजेगीतहरूमा झल्किएको पाइन्छ। समाजमा छोरीलाई शिक्षाको उज्यालो घामबाट वञ्चित गराइएको अवस्था र घरको कामधन्दा गर्नुपर्ने जस्ता व्यवहारलाई यहाँ यसरी प्रस्ट पारेका छन् :

जन्मदिने आमाले लेखिदिने रामले
छोरी पढ्न पाएनन् घरको कामले ......... (छोरीको वेदना)

लोक कलाकारले समाजमा जस्तो परिस्थिति विद्यमान छ। त्यसैलाई टपक्क टिपेर थपक्क हाम्रो अगाडि राखिदिन्छन्। हाम्रो समाजमा छोराछोरी हुर्काउन बावुआमालाई ज्यादै दुःख हुने र पछि गएर त्यही छोराछोरीले आफ्ना बावुआमाप्रति गरेको व्यवहारलाई तिजेगीत मार्फत् छर्लङ्ग पारिएको पाइन्छ। यहाँका नारीहरूले वृद्धवृद्धा भए पछि आफ्नै सन्तानबाट कति अप हेलित हुनुपरेको छ भन्ने कुरा 'बृद्धका' पीडा तिजेगीत मार्फत् देखाइएको छ। त्यस्तो गर्न नहुने कुरालाई पनि जोड दिएको पाइन्छ। यस्ता खालका समाजका घटनाहरूलाई हामी सबै मिलेर त्याग्नुपर्छ भन्ने भावना तिजेगीत मार्फत् लेखनाथ १३ का नारीहरूले प्रस्तुत गरेका छन्। जस्को नमुना निम्न अनुसार छ :

समाज सेवा भन्दै हिँड्ने कापी कलम झोलामा
फाल्न थाले बाबु आमालाई जिउँदै खोलामा ............. (वृद्धका पीडा)

आजकल समाज हर क्षेत्रमा विकासका पथतर्फ लम्किरहेको छ तर गाउँ घरमा महिलाहरू अझै पनि घरमा सासू, ससुरा, श्रीमान् र नन्दको अत्याचार सहन बाध्य छन्। माइतीमा भाउजु, बुहारीको व्यवहारले गर्दा प्रताडित भइरहेका छन्। उनीहरू आफ्ना पीडा र व्यथाहरू मनमै गुम्स्याएर घाँसको भारी बोक्दै उकाली-ओराली गर्न बाध्य भएका छन्। यस्ता महिलाहरूको भावना तिजेगीतका माध्यमबाट आफूमाथि भएका अन्याय अत्याचारको विरोध गर्दै समाज समक्ष छताछुल्ल पार्ने काम यस क्षेत्रका नारीहरूले 'सबैको टोकसो' तिजेगीत मार्फत् व्यक्त गरेका छन्। यस गीतमा सासू, ससुरा, नन्द, देवर, जेठाजु, जेठानी सबै मिलेर धेरै काम लगाएको तथा आफूले दैनिक जीवनमा भोगेका पीडा व्यथालाई र

शिक्षाको अभावमा नारीले भोग्नु परेका दुःख कष्टलाई यसै तिजेगीत मार्फत् व्यक्त गर्ने काम पनि भएको छ :

कसौंडीमा भात छैन आज मैले के खानी
पस्किएर खाउ भनी भन्छिन् जेठानी ........ (सबैको टोकसो)

यसरी हाम्रा समाजमा घटेका घटना दुःख पीडा आँसु आदिलाई तिजेगीत मार्फत् आफ्ना दैनिक जीवनमा भोग्नु परेका पीडा लगायतका आफ्ना भावनाहरू अभिव्यक्त गर्दछन् । यसरी तिजेगीतहरूले महिला मात्रको नभई समग्र समाजको यथार्थतालाई दर्शाइरहेका छन् । यिनै भोगाई अनुभूतिहरू तिजेगीतका माध्यमबाट प्रकट हुँदा मनले छुने खालका भेटिन्छन् ।

### ४.२.३ पौराणिकता

लेखनाथ १३, क्षेत्रका केही तिजेगीतहरूमा पौराणिक विषवस्तुको चित्रण भएको पाइन्छ । ईश्वरीय लीलाको बारेमा पूजाआजा व्रत र उपासनाको सम्बन्धमा रचिएका गीतहरूले नै पौराणिक चित्रणलाई नै प्रस्तुत गरेका हुन्छन् । कठैवरा सतीदेवी भन्ने तिजेगीतमा बाबु दक्षप्रजापतिले महादेवलाई यज्ञमा निम्तो नगरी महादेव र सतीदेवीलाई उपेक्षा गरेकोमा सतीदेवीले चित्त दुखाई अग्निकुण्डमा प्राण त्याग गरेको प्रसङ्ग उल्लेख गरेको छ :

महादेवको अपमान गर्न थाले दक्षले
के सुन्नु पऱ्यो बाबा मेरा कानले ............. (कठैवरा सतीदेवी)

त्यस्तै गरेर 'बाँसुरी बज्यो' तिजेगीतमा कृष्णले बाँसुरी बजाएको थाहा पाए पनि कृष्णलाई नपाएको कुरा कष्णकी दिदीले अभिव्यक्त गरेको प्रसङ्ग उल्लेख गरीएको छ :

खोजे डुले पाइन राजै
बाँसुरी बज्यो जमुनाको तीर........(बाँसुरी बज्यो)

यसरी हाम्रो समाजमा पौराणिक धार्मिक भावनाका प्रभावमा अडिएर रहेको समाजका र मान्यतालाई माथि उल्लेखित तिजेगीतले प्रस्ट पार्न खोजिएको भने अर्कातिर हाम्रो समाजमा बुहारीले सबै काम गर्नुपर्ने सासुको मान्यता राख्नुपर्ने भावनालाई प्रस्ट पारिएको छ ।

### ४.२.४ स्थानीयता

लेखनाथ १३ क्षेत्रका तिजेगीतका मुख्यत स्थानीयताका झलक प्रसस्त मात्रामा पाउन सकिन्छ। लोक गायिकाहरूले आफ्नो वरपरका गाउँ ठाउँ, छरछिमेक, वनपाखा पखेरा र खोलानाला आदिको उल्लेख गरी आफ्ना भावनामा बहकिएर तिजेगीतहरू प्रस्तुत गरेको पाइन्छ। त्यसैले गर्दा तिजेगीतमा स्थानीयता स्पष्ट झल्कन्छ। लोकगीतको एक भेद पर्व गीत अन्तर्गत पर्ने तिजेगीतहरूले स्थानीयतालाई प्रसस्त रूपमा आत्मसात गरेको अनुभव गर्न पाइन्छ। तिजेगीतमा राष्ट्रियदेखि अन्तर्राष्ट्रिय परिवेशलाई पनि समेटेर रचना गरेको पाइन्छ तापनि प्रायः गरेर तिजेगीत आफ्नै पाखा पखेरा, सेरोफोरो, घरपरिवार, समाजलाई केन्द्रविन्दु मानी तिजेगीत रचना गर्दछन्। आर्थिक अवस्थाको वर्णन, सामाजिक कुरीति आदि लाई विषयवस्तु बनाएर तिजेगीत निर्माण गरिएका हुन्छन्। स्थानीय स्तरबाटै रचना गरिएका तिजेगीतहरू मुख्यत आफ्नै समाजमा केन्द्रित रहेको हुन्छ :

> एउटै मोटरसाईकलमा दुई जना बसेका
> वाद्यल मारी अर्कालाई घाइते पारेका......... (रामजी बादलको मृत्यु)

तिजमा नारीले स्थानीय स्तरमा आफैले भोगेका घटनालाई चित्रण गरी स्थानीयतामा नै झल्कने गरी तिजेगीत प्रस्तुत गरेको पाइन्छ। तिजेगीतका विषयवस्तु समाजमा घटेका घटना त्यस्ता अस्वाभाविक घटनाक्रम जसले हरेक श्रोताको आङ् जिरिङ्ग पारिदिन्छन्। अर्थात् मनमा साह्रै पीडा र मर्माहत परेको हुन्छ र सबै श्रोताहरूलाई सोच्न बाध्य पार्दछ। यस्ता घटनाहरूलाई यहाँका नारीले 'रामजी बादलको मृत्यु' तिजेगीत मार्फत् प्रकट गरेका छन्।

त्यस्तै गरेर कृषिमा कान्ति तिजेगीतमा आफ्नो गाउँमा बसेर गाई बाखा पाल्ने खेतीपाती गर्ने गरेमा हामी नेपालीले राम्रो आयआर्जन गर्न सकन्छन्। बिदेशमा गएका नेपालीको दुःख सम्झँदा नेपालमा नै बसेर केही गर्नु आनन्द हुन्छ  भन्ने कुरा पनि यहाँका नारीले तिजेगीत मार्फत यसरी प्रस्तुत गरेका छन् :

> लेखनाथ नगर सात तालको शहर
> रोजगारीमा गाइपालनको भयो रहर

विदेश जाने प्रवृत्तिलाई जरैदेखि फालेर
आत्म निर्भर बन्न सक्छौं गाई पालेर ............ (कृषिमा कान्ति)

यसरी आफ्ना आँखा अगाडि देखेको घटनालाई तिजेगीत मार्फत् यहाँका महिलाहरूले मार्मिक ढङ्गबाट र चेतना जागरण गर्ने किसिमका तिजेगीत प्रस्तुत गरेका हुन्छन् ।

### ४.२.५ प्रकृति चित्रण

प्रकृति ज्ञानको स्रोत हो । प्रकृतिको काखमा हुर्केका लोक गायक गायिकाहरूका गीतहरूमा प्राय जसो प्रकृतिको चित्रण पाइनु कुनै नौलो कुरो होइन । प्रकृतिलाई साथमा राखेर गीतहरू रचना गर्दा मनमा आनन्द आउने गर्छ । यस क्षेत्रका तिजेगीतहरूमा प्रकृति चित्रणलाई पनि सजिलै प्राप्त गर्न सकिन्छ । लेकमा रमाइलो तिजेगीतमा लेकमा लालीगुँरास फुलेको रामरो हुने, बेंसीमा धान झुलेको, गोठमा रमाइलो गाईवस्तुले, माइतमा रमाइलो छोरीचेलीले, वनमा रमाइलो वनचरीले, घरमा रमाइलो छोराछोरीले, माइतमा दाजुभाइ भएको रमाइलो हुन्छ त्यसैले प्रकृतिमा नै जन्मे हुर्केको हुनाले प्रकृति सम्बन्धी तिजेगीतहरू पनि सुनौसुनौ जस्तो लाग्ने खालका पाइन्छ । प्रकृति चित्रण सम्बन्धी तिजेगीतलाई उदाहरणका रूपमा यसरी हेर्न सकिन्छ :

लेकमा रमाइलो लालीगुँरास फूलेको
बेंसीमा रमाइलो धान झुलेको ........... ( लेकमा रमाइलो लालीगुँरास)

### ४.२.६ आर्थिक अवस्थाको चित्रण

लोक जीवनका सहज उद्गार मानिने लेखनाथ १३ क्षेत्रका तिजेगीतहरूले आर्थिक अवस्थाहरूलाई समेत बोकेर आएका देखिन्छन् । समाजमा भएका आर्थिक विषमताका खाडलहरू त्यतिकै मात्रामा देखापरेका छन् । समाजमा देखिएका आर्थिक अवस्थालाई चित्रण गर्न यस क्षेत्रका तिजेगीतहरू सहायक बन्न सक्दछन् । तिजेगीतले हृदयहीन साहुले गरिबप्रति कठोर व्यवहार गरेका तिनै साहु भनाउँदाहरू आफू शिक्षित भएका र गरिबीको चपेटामा परेका मानिसलाई सधैं शिक्षाबाट वञ्चित गराइएको पनि अभिव्यक्त गरेको पाइन्छ गरिबीको रेखामुनि परेका मानिसहरूले वर्ष दिनमा आउने चाड पर्वमा पनि पेटभरी खान नपाई साहुसँग विन्ति विलाप गरेर मनाउने स्थितिलाई यहाँका गरीबको बेदना तिजेगीतले प्रस्ट पारेको छ ।

चाड पर्व भनेपछि नेपालीहरू मीठो-मीठो खाने र राम्रा-राम्रा लगाउनका निम्ति रमाउने गर्दछन् । आफूसँगको साथी सङ्गीहरूले राम्रो राम्रो लाउने र मीठो-मीठो खाने तर आफ्ना घरमा आर्थिक अभाव र श्रीमान्को कमाइ नभएका कारण आफ्ना छोरी चेलीलाई बोलाएर मीठो खुवाएर राम्रोसँग तिज मान्न नपाएको क्षणलाई गरीबको बेदना तिजेगीतका माध्यमबाट यसरी  व्यक्त गरिएको छ :

धान तैले तिर्दैनस् कोदाली खनेर
लानी भए लैजा धान पैसा गनेर ............... ( गरिबको वेदना)

## ४.२.७ विकृति विसङ्गतिको चित्रण

समाजका रहनसहन रीतिरिवाज चालचलन जीवन दर्शन सामाजिक मान्यता आदिको विरोधमा देखिएको र विदेशबाट भित्रिएको विकृति विसङ्गतिले हाम्रो समाजमा जरो गाडिसकेको छ । त्यस अवस्थालाई लेखनाथ १३, क्षेत्रका नारीहरूले तिजेगीत मार्फत् विकृति विसङ्गति चित्रणलाई पनि अङ्गालेर आलोचना गरेको पाइन्छ । भैरहेको विकृति तिजेगीतमा विदेशबाट भित्रिएको विकृतिले नेपाली जनजीवनमा कति नराम्रो असर परिरहेको छ भन्ने कुरालाई यथार्थ रूपमा चित्रण गरेको छ । तिनै विकृति विसङ्गतिले हाम्रो देशको संस्कृति लोप हुन लागेको कुरामा दुई मत छैन भन्ने कुरा पनि प्रस्ट हुन आउँछ । खानपानदेखि लिएर लगाउने कपडामा कस्तो असर परिरहेको छ भन्ने कुरा पनि यहाँ पारिएको छ । विकृतिले गर्दा नै समाजमा प्रायजसो युवाहरूलाई नराम्रो असर परेको छ । धुम्रपान, मध्यपान, जुवा, तासले जरो गाडिसकेको समाजमा यसले दैनिक जीवनमा कति असर गरिरहेको छ भन्ने कुरा पनि यहाँका नारीहरूले आफ्ना तिजेगीत मार्फत व्यक्त गरेका छन र कुलतमा नलाग्ने सन्देश पनि  दिएको पाइन्छ । त्यसकारण हामी सबै नेपाली दाजुभाइ, दिदी बैनी मिली यस्ता विकृति विसङ्गतिको अन्त्य गर्नुपर्ने धारणा यहाँका नारीहरूले तिजेगीत मार्फत प्रस्ट रूपमा गाएका छन् । विकृति विसङ्गति विरुद्ध रचिएका यहाँका तिजेगीतको केही नमुना यस प्रकार रहेको छ :

लोप हुँदै गएको छ देशको मौलिक संस्कृति
विदेशबाटै भित्रिंदैछ यहाँ विकृति

मैलाले नी छाडिसके चोली साडी लाउनलाई
सभ्य ठान्छन् टिसर्ट पाइन्ट मिनी स्कटलाई .......... (भइरहेको विकृति)

हाम्रो देशको विकृति विसङ्गति तिजेगीतमा धुम्रपान मध्यपानले स्वास्थ्यमा क्यान्सर जस्तो घातक रोग निम्त्याउने छ र जथाभावी सिरिन्जको प्रयोगले ठूलो सङ्कट देखा पर्ने, धनजनको नाश हुने कुरा पनि यहाँका नारीहरूले प्रस्तुत गरेका छन् ।

सुइ लाउँछन् चरेस खान्छन् भविष्यका कर्णधार
यो देशमा बढ्दै गाछ सधैँ अत्याचार
महिला पुरुष समान भनी पिउँछन् सँगै बसेर
एक गिलास त थपौँ भन्छन् कम्मर कसेर .......... (हाम्रो देशको विकृति विसङ्गति)

### ४.२.८ राजनीति अवस्थाको चित्रण

लेखनाथ १३, का प्रचलित तिजेगीतहरूमा हाल देशमा चलिरहेको राजनीतिप्रति व्यङ्ग्यात्मक प्रस्तुति पाइन्छ। राजनीतिमा नेतानेता बीचको खिचातानी भएको र जनताको कुनै वास्ता नगरेका भनी यहाँका नारीहरूले तिजेगीतमा व्यक्त गरेका छन् । नेपालका नेताहरू आफू मात्र पोसिने तर जनताको हक हितका लागि नसोचेको अवस्थालाई यहाँका तिजेगीत मार्फत् व्यक्त गरेका छन् । राजनीति अवस्था नराम्रो भएपछि देशले कुनै उन्नति गर्न नसक्ने र देश खाडलतिर जाने चिन्ता यहाँका नारीहरूले सविधान तिजेगीतमा अभिव्यक्त गरेको पाइन्छ। अब नेताहरूले सोच्नु पर्ने अवस्था आएको छ। आफ्नो लागि मात्र नसोची सम्पूर्ण नेपालीबासी जनताका लागि सोच्नुपर्छ भन्ने कुरा यहाँका नारीहरूले तिजेगीतमा व्यक्त गरेका छन् :

राष्ट गयो खाडल तिर देशको गोली हानाहान
संसदभित्र नेताहरू कुर्ची तानातान............. (संविधान)
जनताको भोटले हो चिल्ला गाडी चडेका
जनतालाई बिर्सिएर आफै लडेका ........... (संविधानका लागि जनताको आग्रह)

### ४.२.९ विपत्तिपरक चित्रण

प्रकृति ज्ञानको स्रोत हो । प्रकृतिका काखमा बाँचेका नेपाली जनताहरूमा त्यही प्रकृतिले दानवी रूप लिएपछि मानव जातिमा विपत्ति आउने गर्छ । विपत्तिका कारण जनतालाई कतिसम्म असर गर्दछ भन्ने कुरा हालै गइरहेको विनाशकारी भूकम्पले नै प्रस्ट पारेको छ । यसले कति नेपाली जनताको ज्यान लियो कतिलाई घरबार विहीन तुल्यायो सांस्कृतिक सम्पदाको ठुलो क्षति पुऱ्याएको छ भन्ने कुरालाई समेटेर लेखनाथ १३, का नारीहरूले प्राकृतिक विपत्ति भूकम्प तिजेगीत मार्फत् छर्लङ्ग पारेका छन् । फेरि फेरि यस्तो घटना नघटोस् भन्नाका लागि प्रकृतिसँग आग्रह पनि तिजेगीत मार्फत गरिएको छ :

ध्वस्त भए गाउँ शहर कालले राज्य जमायो
बाच्नीलाई सयौं झट्का मुटु कमायो ............ (प्राकृतिक विपत्ति भूकम्प)

यस्तै गरेर २०६९ साल वैशाख महिनामा पोखराको शिरमा सेतीनदीको बाढीले पुऱ्याएको असरलाई पनि यहाँका महिलाले अचानक सेती नदी आयो उर्लेर तिजेगीत मार्फत् व्यक्त गरेका छन् । यहाँ पनि धेरै मानिसले आफ्नो ज्युधन गुमाएको घरमा पाकिरहेको भात खान नपाएको, कोही भारी बोकेर उकालो लागिरहेको, कोही मेलापातमा काम गरिरहेको, कोही उपचारका लागि स्वास्थ्य चौकी जाँदै गरेको र ठूलो गाउँ नै सखाप पारेको कुरा पनि यहाँका नारीले तिजेगीत मार्फत् व्यक्त गरेका छन् :

ज्यूधन र अन्नपात राखेन एक दानानी
पुरै गाउँ पखालेर लग्यो लाननी................(अचानक सेती नदी आयो उर्लेर)

## ४.३ शैलीगत अध्ययन

तिजेगीत आफैमा मौलिक विधा भए पनि यसको नजिकको सम्बन्ध कवितासँग रहन्छ । प्राय कवितासँग रहन्छ । प्रायः कविता शास्त्रीय नियममा रहेर सिर्जना गरिन्छ भने तिजेगीतको सृजना स्वतन्त्र तरिकाले हुन्छ । तिजेगीत स्वतस्फूर्त रूपमा उत्पन्न हुने भावको प्रस्तुतिकरण हो । तिजेगीत सर्वसाधारणबाट सिर्जना हुने हुँदा बढी सरल र सहज हुन जान्छ । तिजेगीतमा काव्य तत्व योजनाबद्ध रूपमा नभई सहज र स्वाभाविक रूपमा आउँदछ । स्वतस्फूर्त रूपमा सिर्जना हुने भए तापनि यसमा सौन्दर्य पक्षको स्थान महत्वपूर्ण

रहन्छ। तिजेगीतमा काव्य तत्वलाई हेर्दा यसमा भाषा, लय, छन्द जस्ता काव्य शास्त्रीय वैशिष्ट्यहरू पाइन्छन्

### ४.३.१ भाषा

भाषा शब्दको निर्माण संस्कृतको भाष् धातुबाट भएको हो। जसको मौलिक अर्थ हुन्छ भास्नु अर्थात् प्रकाशित गर्नु जस्तै आफूले आफैलाई प्रकाशित गरिन्छ त्यो नै भाषा हो। भाषा समाजबाट सिकेर समाजमामै प्रयोग गरिने सामाजिक वस्तु हो। भाषा वाक्प्रतिहरूको व्यवस्था मात्र नभएर सामाजिक विधि व्यवहार विश्वास मान्यता आस्था र संस्कृतिको संवाहक पनि हो। भाषाले सामाजिक सांस्कृतिक क्रियाकलापको प्रतिनिधित्व गर्छ। भाषा मानवीय सभ्यताको इतिहासको सबैभन्दा महत्वपूर्ण आधारभूत आविष्कार हो। त्यसैले तिजेगीतमा पनि भाषाको आवश्यकता पर्दछ। तिजेगीतको भाषा परिमार्जित परिस्कृत नभई चलन चल्तीको भाषालाई बढी प्रयोग गरिन्छ।

१. लयको आधारमा भाषाको प्रयोग

२. स्थानीय भाषाको प्रयोग

३. व्याकरणीय हिसाबले अशुद्ध भाषाको प्रयोग

१. लयको आधारमा भाषाको प्रयोग

(क) शब्द लम्ब्याउने क्रममा

हे........साहारी राम्रै लगाई जाने

(ख) शब्द छोट्याउने  क्रममा

सुन लाउने किन लै बरी चट्टै

यहाँ हे... भनेर लामो तान निकाली वाक्यलाई लक्ब्याएर तिजेगीत गाइएको छ भने दोस्रोमा सुन लगाउने किन लै बरी चट्टै लाई छिटो छिटो गरी थोरै समयमा तान छोटो गरी गाइएको छ।

२. स्थानीय भाषाको प्रयोग - तिजेगीतमा स्थानीय स्तरको भाषाको प्रयोग गरएको हुन्छ। लेखनाथ १३, क्षेत्रमा बोलिने भाषालाई तिजेगीतमा प्रयोग गरिएको छ :

उकालीमा हिँड्दा खेरी खुट्टा दुख्यो भोकले
तेरो घर कस्तो रैछ भन्छ लोकले......(छोरीको वेदना)

यस तिजेगीतमा उकालो चढ्दा खेरी भोक लागेको र समाजले तिम्रो घर दुख दिने खालको नराम्रो भएको भन्ने शब्दलाई आफ्नै तरिकाले स्थानीय भाषाको प्रयोग गरी तिजेगीत गाएका छन् ।

३. व्याकरणीय हिसाबले अशुद्ध भाषाको प्रयोग- लेखनाथ १३, क्षेत्रका तिजेगीतमा व्याकरणको विचलन गरी भाषामा अशुद्ध भएको पाइएको छ । तिजेगीतलाई लय मिलाउने क्रममा व्याकरणमा अशुद्धता भएको छ :

भैया मेरा हराए राजै
बाँसुरी बज्यो जमुनाको तीर

यस तिजेगीतमा भाइलाई भैया श्रीमान्लाई राजै भनिएको छ । यसलाई शुद्ध रूपमा भन्दा हेर्नुस् श्रीमान् मेरो भाइ हराएको छ भन्ने हन्छ ।

लिखित वा मौखिक जुनसुकै साहित्यिक विधाका निम्ति भाषाको माध्यम अपरिहार्य हुन्छ  किनभने यो विचार विनिमयको साधन हो । भाषा विना साहित्यिक मात्रै होइन कुनै पनि कुराको अभिव्यक्तिको कल्पना नै गर्न सकिँदैन । त्यस्तै लोकगीतको भाव वा विचार तथा सन्देशलाई स्रोतासम्म पुऱ्याउनका निम्ति भाषाले निकै ठूलो भूमिका निर्वाह गरेको हुन्छ । लोकसाहित्यमा तिजेगीतले लिखित भाषाभन्दा लोक भाषालाई बढी प्राथमिकता दिन्छ र लोक बोलीमा नै आफूलाई प्रकट गर्छ । तिजेगीतलाई हुर्काउने लोकले महत्वपूर्ण भूमिका खेल्ने हुनाले यसमा लोकभाषाको प्रधान्यता रहेको हुन्छ । तिजेगीतमा ठाउँ अनुसारको स्थानीय भाषा र भाषिकाको प्रभाव प्रमुख रूपमा देखा पर्दछन् । भाषाभित्र रहेका समस्याहरूलाई लोकगीतका माध्यमबाट पनि समाधान गर्ने गरिन्छ । भाषाको प्राचीन रूप र क्षेत्रीय भेद अध्ययनमा तिजेगीतले ठूलो सहयोग पुऱ्याएको हुन्छ । त्यसैले अन्य दृष्टिकोणबाट जस्तै भाषिक दृष्टिले तिजेगीतको अध्ययन महत्वपूर्ण रहेको पाइन्छ ।

लेखनाथ १३, क्षेत्रमा विविध जानजातिको बसोबास रहेको छ । त्यसैले यस क्षेत्रको भाषा र बोलीमा पनि विविधता रहेको पाइन्छ । यहाँ धेरै जसो ब्राह्मण, क्षत्री, गुरुङ, मगर, दलित जातिहरूको बसोबास रहेको छ । यहाँ ब्राह्मण, क्षत्री लगायतका केही जातिहरूको विचार विनिमयको भाषाको रूपमा नेपाली भाषालाई प्रथम भाषाको रूपमा अपनाइएको पाइन्छ भने गुरुङ, मगर जातिले आफ्नै मातृभाषालाई प्रथम भाषाको रूपमा प्रयोग गर्दछन् र नेपाली भाषालाई

दोस्रो भाषाका रूपमा प्रयोग गर्दछन् । सबै जातिले बोल्ने नेपाली भाषामा पनि केही न केही स्थानीय भाषिकाको प्रभाव देखिन्छ । तिजेगीतमा कथ्य भाषाको प्रयोग बढी भेटिन्छ त्यसैले यसमा परिष्कृत स्तरीय लेख्य भाषाको ख्याल खासै गरिँदैन । लेखनाथ-१३, क्षेत्रका तिजेगीतको कथ्य र लेख्य रूपका उदाहरण तल प्रस्तुत गरिएको छ ।

| स्थानीय कथ्य रूप | स्तरीय लेख्य रूप | स्थानीय कथ्य रूप | स्तरीय लेख्य रूप |
|---|---|---|---|
| भैया | भाइ | करीम | कर्म |
| अरिकैले | अर्को व्यक्तिले | विजेत | वेइज्जत |
| आफनी | आफ्नी | इजेत | इज्जत |
| काकरी | काँक्रो | रोज्नी | रोजनी |
| बसनी | बस्नी | देओर | देवर |
| दोसरी | दोस्रो | बुढी | श्रीमती |
| हाम्लाई | हामीलाई | स्वामी | श्रीमान |
| क्यारी | के गरी | मोरम् | मर्न मन लाग्नु |
| कसको | कस्को | चोलिया | चोलो |
| राजै | श्रीमान | दाजै | दाजु |
| कल्ले | कसले | प्यारी | श्रीमती |
| बरिदान | वरदान | तिम्लाई | तिमीलाई |
| भुँइमा | जमिनमा | कृष्णजी | कृष्ण भगवान् |
| हेरनी | हेर्ने | दैलो | ढोका |
| माझनी | माझ्नी | पल्लो | अर्को |
| बेहोर | बानी | टिपन | टिप्न |
| बतिलो | कलिलो | तरन | तर्न |
| रैछ | रहेछ | खौटी | दोब्बर |

| स्थानीय कथ्य रूप | स्तरीय लेख्य रूप | स्थानीय कथ्य रूप | स्तरीय लेख्य रूप |
|---|---|---|---|
| बज्यै | सासु | पियारी | श्रीमती |
| धिपिधिपि | निभ्न लागेको | सिङ्गै | टुक्रा नपारीएको |
| युगल जोडी | युवा जोडी | हाहाकार | खान नपाउनु |
| भुसे | फलराम्रो नभएको | मध्यरात | आधारात |

## ४.३.२ लय

तिजेगीतमा लयको आवश्यकता अतिनै हुन्छ। लय विनाको तिजेगीत कल्पना गर्न पनि सकिदैन त्यसकारण लय अनिवार्य तवका रूपमा रहेको हुन्छ। लय द्रुत,मध्यम, बिलम्वित गरी तीन प्रकारका हुन्छन् । ति निम्न अनुसार छन् ।

१. द्रुत लय

२. मध्यम लय

३. बिलम्वित लय-

१. द्रुत लय  - हास्य भावको निम्ति द्रुत लयको आवश्यकता पर्छ। त्सकारण हसाउने खालका तिजेगीतहरूमा  लेखनाथ १३, का महिलाले हास्य भावमा द्रुत लयको प्रयोग गरेका छन् :

सासु :  हप्तै पिच्छे ब्यूटि पार्लर त्यो थुतुनो निधारमा
राम्रै मुखलाई पार्न थाली यसले बिगार्न
बुहारी :  बुढी भएनी छैन शैली सधैं गनगन झगडा
के जानेकी छौ र फूर्ति लाउँछ्यौ तगडा

लेखनाथ १३, का नारीहरूको सासु-बहारी तिजेगीतमा द्रुत लयको प्रयोग गरी हास्यव्यङ्ग्य तरिकाले गीतलाई प्रस्तुत गरेका छन् ।

२. मध्यम लय - मध्यलयमा शान्त किसीमको भाव रहेको हुन्छ। लेखनाथ १३, का

नारीहरूले  शान्त भावको प्रयोग गरी ‘बृद्धका पीडा’ तिजेगीतमा प्रस्तुत गरेका छन् । यस तिजेगीतमा बाबु आमाले छोरा छोरीको लालन पालनमा कुनै कमि नगरेको तर पछि आफ्नै छोराछोरीले बाबु आमा प्रति गरिएको नराम्रो ब्यबहारलाई शान्त किसीमको भावले सम्झाउने गरेको पाइन्छ :

कति चोटी तिम्रो फोहोर पर्‍यो मेरो खानामा
अहिले मेरो फोहोर देखी दिक्क नमान.......(वृद्धका पीडा)

३.  बिलम्वित लय- करूण भावका निम्ति बिलम्बित लय को प्रयोग गरिन्छ । लेखनाथ १३, क्षेत्रका नारीहरूले पनि बिलम्बित लयको प्रयोग  तिजेगीतमा अतिनै प्रभाबकारी  ढङ्गले व्यक्त गरेका छन् । यस लयमा एकदम दयालाग्दो अवस्थालाई गरिएको छ र यो अति नै प्रभावकारी रहेको छ । हाल देशमा घटेको घटना अर्थात् बिनाशकारी भूकम्पले जनधनको ठूलो क्षति पुर्‍याएको अवस्थालाई करूण भावको प्रयोग गरी यहाँका नारीहरूले तिजेगीत गाएका छन् :

ऐतिहासिक धरहरा ढल्यो भन्ने सुनियो
हामी सबै नेपालीको मुटु थुनियो ........(भूकम्पको गीत)

यसरी भूकम्पको गीतमा हाम्रो नेपालको ऐतिहासिक सम्पदामो रूपमा रहिरहेको धरहरा समेत ढलेर सबै नेपालीको मनलाई भावमय बनाएको कुरा बिलम्बित लयमा तिजेगीत मार्फत् व्यक्त गरेका छन् ।

### ४.२.३ छन्द

लय र छन्द तिजेगीतका सन्दर्भमा भिन्दाभिन्दै कुरा हुन् तापनि यी दुईको बीचमा नजिकको सम्बन्ध छ। लय तिजेगीतको अनिवार्य हो। तिजेगीतमा शास्त्रीय छन्दको आवश्यकता पर्दैन। त्यसकारण छन्दमा शास्त्रीयता अनिवार्य तत्व मानिदैन। तिजेगीतमा बढी मात्रामा लोकछन्दको प्रयोग हुन्छ। लेखनाथ १३, क्षेत्रका नारीहरूले पनि लोकछन्दको प्रयोग गरी तिजेगीत गाएका छन् :

तिहारमा रमाइलो मखमली फुलले

तिजैमा रमाइलो छोरीचेलीले.......(लेकमा रमाइलो)

यसरी तिजेगीतमा भाषा, लय, छन्दको प्रयोग अत्यावश्यक मानिन्छ। त्यसकारण लेखनाथ १३, क्षेत्रका नारीहरूले पनि तिजेगीतमा भाषा, लय, लोकछन्दको प्रयोग गरिएको देखिन्छ। समग्रमा सामाजिक विविधता, नारी मनका जटिलता पारिवारिक असन्तोष, प्राकृतिक वर्णन र समयको परिवर्तनले गर्दा जीवन जगतमा देखा पर्ने नवीन चेतनाका झिल्का झिल्कीहरूलाई लेखनाथ १३, क्षेत्रका तिजेगीतहरूले बोकेर आएको पाइन्छ। विशेषत समाजमा छोराछोरीमा असमानता, छोरीले झेल्नु परेका सामाजिक विभेदका प्रसङ्गहरू, पढ्ने बेलामा घास दाउरा गर्न परेका क्षणहरू, पढ्न नपाई मर्माहत भइरहेका बखत श्रीमानले अशिक्षित श्रीमती भनी सौता हालेका, शिक्षाको कमी भएको भन्दै श्रीमान्ले मानसिक र शारीरिक पीडा दिएका घटनाक्रमहरूलाई चेलीको आफ्नो भाषा र भावनामा आवद्ध गरेर गीतहरू जुराएको देखिन्छ। त्यस्तै गरेर हाल देशमा भएको विनाशकारी भूकम्पले देशमा ठूलो क्षति पुऱ्याएको अबस्था, देशमा विकृति विसङ्गतिले जरो गाडेको अवस्थालाई तिजेगीतमा प्रस्तुत गरिएको छ। यसरी समाजका विविध पक्षहरू यथार्थ रूपमा मुखरित भएर आउनु नै लेखनाथ १३ क्षेत्रका तिजेगीतका विशेषता बन्न पुगेको पाइन्छ।

# पाँचौँ अध्याय

# उपसंहार

## ५.१ सारांश

यस अध्ययन पत्रमा लेखनाथ १३, क्षेत्रका तिजेगीतहरूको अध्ययन पत्रमा लेखनाथ १३ क्षेत्रका तिजेगीतहरूको अध्ययन गर्ने काम गरिएको छ। समाजमा विभिन्न पक्षहरू बोकेर आएका यी गीतहरूले नेपाली समाजको वास्तविकतालाई प्रस्तुत गरेका छन्। नेपाली तिजेगीतको उर्वर क्षेत्र ग्रामीण क्षेत्र हो। यस क्षेत्रमा अभाव, अशिक्षा, अज्ञानता गरिबी जस्ता कारणले गर्दा समाजमा वर्गीय भेद पैदा भएको पाइन्छ। जसको फलस्वरूप समाजमा विशेषत : महिलाहरू हर क्षेत्रबाट शोषण दमन, अत्याचार सहन विवश छन्। महिलाहरूले आफ्ना पीडा व्यथालाई फुकाउने सहज माध्यम भनेको नेपाली नारीको महान चाड तिजमा तिजेगीत बन्न गएको छ। यसका अलवा समाजमा अनेक विकृति, विसङ्गति र परम्परा लगायत सामाजिक जनजीवनका मूल्य मान्यता र धारणाहरूलाई आत्मसात गर्दै समाजका आर्थिक, सामाजिक र सांस्कृतिक पक्षको यथार्थ चित्रण यस क्षेत्रका तिजेगीतहरूमा भएको छ। साथै यस क्षेत्रका तिजेगीतहरूले आधुनिक जगतका नवीन पक्षहरू समकालीन जीवनका बाध्यताहरू विवशता विसङ्गति वेथितिका साथै समग्रमा नारी जगतका शास्वत र मार्मिक कथा व्यथाको गम्भीर चित्रण गरेका छन्। लोक गायिकाहरूका प्रभावपूर्ण सरल सरस सुवोध र हृदयस्पर्शी गला र कलाका साथै क्षेत्रीय भाषाको प्रयोगले समेत यस क्षेत्रका तिजेगीतहरू विशिष्ट किसिमका देखापरेका छन्। अनि नेपाली मात्रको ढुकढुकी एवम् स्पन्दन बन्न समर्थ देखिन्छन्।

यस अध्ययन पत्रको प्रथम अध्यायमा विषय परिचय दिइएको छ। जसमा अध्ययन पत्रको शीर्षक प्रयोजन समस्याकथन उद्देश्य पूर्वकार्यको विवरण अध्ययन कार्यको औचित्य अध्ययन विधि अध्ययन कार्यको क्षेत्र र सीमा अध्ययन रूपरेखालाई दिइएको छ वा समावेश गरिएको छ। दोस्रो अध्यायमा लेखनाथ क्षेत्रको परिचय अन्तर्गत भौगोलिक स्वरूप मानव बसोवासको अवस्थिति, सामाजिक रहनसहन, चाडपर्वहरू मठमन्दिर, आर्थिक अवस्था, सांस्कृतिक अवस्था शैक्षिक अवस्थाको चित्रण गरिएको छ।

तेस्रो अध्यायमा लोकसाहित्यको चिनारी, लोकगीत लोकगीतका प्रकार, तिजेगीतको सैद्धान्तिक परिचय, तिज शब्दको अर्थ, तिजको परम्परा, तिजेगीतका तत्वहरूमा संरचना, लय, गेयता कथन पद्धति, भाषा, भाव शैली र त्यस्तैगरी तिजेगीतका विशेषताहरूमा पर्व विशेषमा मात्र गाइनु, नारी वेदनका सुस्केरा हुनु, सामुहिक रूपमा स्त्री जातिले मात्र गाइनु, सहज रूपमा उपलब्ध हुनु, शब्द दोहोरिएर आउनु, विषयगत विविधता पाइनु, गीतमा प्रश्नोत्तर प्रवृत्ति हुनु भाषामा मौलिकता र सरलता, यथार्थता र सामाजिकता हुनु रहेका छन् र तिजेगीतको प्रयोजन तथा महत्वमा मनोरञ्जन र रसात्मक आनन्दको प्राप्ति, सामाजिक महत्व ऐतिहासिक महत्व, धार्मिक महत्व, साहित्यिक महत्व, सांस्कृतिक महत्व, मनोविकारको विरेचन तेस्रो अध्यायमा साहित्यको परिचय दिई लोकगीतको वर्गीकरण गरिएको छ ।

चौथो अध्यायमा तिजेगीतको परिचय दिने क्रममा लेखनाथ क्षेत्रमा तिजेगीतका वर्गीकरणमा लघुत्तम आकारका तिजेगीत, लघु आकारका तिजेगीत र मध्यम आकारका तिजेगीत भनी वर्गीकरण गरिएको छ । त्यस्तै गरेर विषयवस्तुका आधारमा लेखनाथ १३, क्षेत्रका तिजेगीतको विश्लेषण गर्ने क्रममा नारीपरकता समाज चित्रण, पौराणिकता, स्थानीयता, जातीयता, सांस्कृतिक पक्ष, प्रकृति चित्रण, आर्थिक अवस्थाको चित्रण, राजनीतिक अवस्थाको चित्रण, देशमा भइरहेको विकृति विसङ्गतिको चित्रण देखाइएको छ ।

## ५.२ निष्कर्ष

तिज खासगरी नारीहरूको महान् चाड भएकाले तिजेगीतमा पनि विशेष गरेर नारीहरूकै व्यथा र वेदना, उकुसमुकुस, विरह र विलौनाहरूले प्रशस्त ठाउँ ओगटेको छ । समयको परिवर्तनले गर्दा प्राचीन गीतहरू क्रमश लोप हुँदै गएका छन् । जबकि तिजको विशेषता बोकेका गीतहरू नयाँभन्दा पुरानै खालका बढी हुन्छन् । आज भोलिका तिजेगीतमा नारीहरूको दुःख पीडा मात्रै नभएर चेतनामूलक तरिकाबाट शिक्षामूलक कुरालाई अगाडि बढाउने कुलतबाट मुक्त गराउने, बालशोषण रोक्ने, दुर्व्यसनीमा परेकालाई चेतना दिई त्यसबाट मुक्त गराउन प्रयास गर्ने, कृषिमूलक चेतना जगाउने खालका तिजेगीतहरू गाइएका छन् । यति मात्र नभएर आज भोलि महिलाले गाउने तिजेगीत पुरुषले पनि गाउने नाच्ने गरेको पाइन्छ । यसरी नारी पुरुष मिलेर तिजेगीत गाउँदा नारी पुरुष बीचको दोहोरी

जस्तै पाराले गाइएका तिजेगीतले विकृति ल्याएको पाउन सकिन्छ । विभिन्न सञ्चार माध्यम रेडियो, टिभी, क्यासेट, इन्टरनेट, आदिको बढी प्रचलन भएको हुनाले मानिसहरूले परिस्कृत परिमार्जित गरिएका दोहोरी पाराले गाइने तिजेगीतहरू बढी सुन्ने र हेर्ने गरेको देखिन्छ ।

लेखनाथ क्षेत्रका तिजेगीतहरू धेरै प्राचीनता र धेरै नवीनतासँग सम्बन्धित देखा पर्दछन् । यसरी प्राचीनता र नवीनतालाई बोक्दै देखा पर्ने यस क्षेत्रका तिजेगीतहरूले विविध विशेषतालाई आत्मसात् गर्दै नारीहरूका मनोभावनालाई र सामाजिक सन्दर्भलाई प्रतिविम्वित गरेका छन् ।

लेखनाथ क्षेत्रमा पाइने तिजेगीतहरूले समाजमा विविध विशेषताहरूलाई बोकेका छन् । त्यसैले तिनको विश्लेषण पनि विभिन्न पक्ष र आधारमा गरिएको छ । समाज चित्रणको पनि विभिन्न पक्ष र आधारमा गरिएको छ । समाज चित्रणको छताछुल्ल प्रयोग हुनु यस क्षेत्रको तिजेगीतको निजी वैशिष्ट्य हो । समाज चित्रण गर्ने क्रममा समाजमा जरो गाडेर बसेका पुराना धारणा, साँघुरा विचार, संस्कृतिका नाममा रहेका विकृति र यस्तै समाजका विद्यमान विविध अड्चन एवम् अप्ठ्याराहरूलाई यस क्षेत्रका तिजेगीतहरूले आफ्नो विषयवस्तु बनाएका छन् ।

यसरी कुनै तिजेगीतमा सामाजिक वेथिति विरोधाभाषका उपज देखिन्छन् भने कुनै मनको बह पोखेर हलुङ्गो हुनाका निम्ति सिर्जित भएका छन् । समग्रमा भन्नुपर्दा सामाजिक विविधता नारीमनका जटिलता, परिवारिक असन्तोष, जन्मघरका ताजा स्मृति चिह्न, प्राकृतिक प्रकोप र समयको परिवर्तनले गर्दा जीवन जगतमा देखा पर्ने नवीन चेतनाका झिल्काझिल्कीहरूलाई यस क्षेत्रका तिजेगीतहरूले बोकेर आएका छन् । अनि चेलीहरूले तिजेगीतका माध्यमबाट समाजका विविध पक्षहरूलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । यसरी लेखनाथ क्षेत्रका तिजेगीतहरूले नारी जगतका विविध समस्याहरूलाई उद्घाटन गर्दै सहज अभिव्यक्तिद्वारा प्रत्येकको मनलाई द्रवित पारेका छन्  भने अर्कोतिर समाजमा व्याप्त वेथिति, नमिल्दा पक्षहरू र घटना क्रमहरूलाई वास्तविक रूपमा प्रस्तुत गरेर समुन्नत समाजको निर्माण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष सन्देश दिइरहेका छन् ।

## ५.३ सुझाव

लेखनाथ १३ क्षेत्रमा बेलुकी खाना खाएर घरधन्दा सकी छरछिमेकका महिलाहरू जम्मा भएर तिजका अवसरमा तिजेगीत गाइने परम्परा विस्तारै विस्तारै घट्दै आएको छ। सामूहिक रूपमा जम्मा भएर गीत गाउँदा महिला दिदीबहिनीहरूमा जुन अन्तरसम्बन्ध विकसित हुन्थ्यो, त्यसले समाजमा आत्मीयता विकास गराउँथ्यो। हिजो आज समयको गतिसँगै हाम्रो आफ्नो मौलिक संस्कृतिका धरोहर तिजेगीत विस्तारै क्यासेट, इन्टरनेट, टिभी सिडीमा सीमित हुन पुगेका छन् अनि घर आँगनमा भन्दा कुनै संघसंस्थाले आयोजना गरेका प्रतियोगितामा मात्र सीमित भएर गाउन थालिएको छ। अझ हिजोआज त आमा समूहका नाममा दारखाने कार्यक्रम गरी खर्चिलो र भड्किलो रूपमा विदेशी गीतहरू मिसाएर मनोरञ्जन लिने प्रचलन पनि सुरू गरेको पाइन्छ। यस्तो परम्पराले तिजेगीतलाई अपमान गरेको मात्र होइन आफ्नो लोकसंस्कृति पन्छाउन खोजे जस्तो देखिन्छ। त्यस्ता गीतहरूमा वास्तविकता भन्दा कृत्रिमता पाइन्छ। यसरी तिजेगीत एउटा प्रतियोगितामा मात्र सीमित हुँदै जाने र लिखित रूपमा मात्र गीतहरू प्रसारण हुँदै जाने हो भने लोक-प्रतिभाहरूको आफ्नो सिर्जनशील क्षमता मात्र गुम्दै जाने होइन हाम्रो सांस्कृतिक धरोहर पनि हामीबाट पलायन हुनेछ। त्यसैले तिजेगीतको संरक्षणका लागि धेरै धेरै लोक गायिकाहरूले समूह बनाएर आउनु पर्ने हुन्छ। त्यसकारण नारीहरूले मौखिक रूपमा गाएर महत्व दिन आवश्यक छ।

आजकल नारी पर्व तिजमा पुरुषहरू पनि गायन गर्ने नृत्यमा सहभागी हुन थालेका छन्। यसले गर्दा तिजेगीतको मौलिक परिचय गुम्न सक्छ। अहिले आएर तिजेगीतलाई राजनीतिक गर्ने र सस्ता बजारका चक्का निकालेर पैसा कमाउने पेसाका रूपमा प्रयोग गर्न थालेको पाइन्छ। जसले गर्दा तिजेगीतको महत्व घट्न सक्छ। त्यसैले यस पर्वको सांस्कृतिक महत्व घट्न सक्छ। त्यसैले यस पर्वको सांस्कृतिक महत्व घट्न नदिन सबै नेपाली नारीहरू सचेत हुनुपर्ने देखिन्छ। हामी सबै नेपालीहरू मिली संस्कृतिको सम्वर्द्धन गर्नु आवश्यक छ। विकृतिहरूलाई पनि हामी सबै नेपालीले विर्सजन गर्नुपर्छ। कसैले आफ्नो स्वार्थपूर्ति गर्ने माध्यमका रूपमा हाम्रो सांस्कृतिक मूल्य, मान्यता र परम्परालाई भत्कन दिनु हुँदैन भन्ने कुरामा सजग हुनु जरूरी छ।

## लोकसाहित्य अन्तर्गत लेखनाथ १३, क्षेत्रका संभाव्य शीर्षकहरू

१. लेखनाथ १३, क्षेत्रका प्रचलित लोकगीतहरूको अध्ययन ।

२. लेखनाथ १३, क्षेत्रका प्रचलित पर्वगीतहरू अध्ययन ।

३. लेखनाथ १३, क्षेत्रका प्रचलित लोकभजनको अध्ययन ।

४. लेखनाथ १३, क्षेत्रका प्रचलित रत्यौली गीतहरूको अध्ययन ।

# लेखनाथ १३ क्षेत्रमा प्रचलित तिजेगीतको सङ्कलन

ले.न.पा. १३, क्षेत्रमा प्रचलित तिजेगीतलाई लोकगायिकाहरूको जनजिब्राबाट जुन रूपमा प्रस्तुत भएको छ। सोही रूपलाई जस्ताको त्यस्तै उतार्ने प्रयास गरिएको छ। तिजगीतका गायिका तथा रचनाकारहरूको नाम, उमेर र ठेगाना साथै गीतको क्रम संख्या गीतको शीर्षक र गीतहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

| क्रम संख्या | गीतको शीर्षक |
|---|---|
| १. | बाँसुरी बज्यो |
| २. | कान्लामुनिको ठूलो ढुङ्गो |
| ३. | गरिबको वेदना |
| ४. | भूकम्पको गीत |
| ५. | छोरीले पढ्न हुँदैन |
| ६. | आमा |
| ७. | रामजी बादलको मृत्यु |
| ८. | सबैको टोकसो |
| ९. | छोरीको वेदना |
| १०. | चेलीको वेदना |
| ११. | अचानक सेती नदी आयो उर्लेर |
| १२. | संविधान बनाउनेको वइन |
| १३. | सौता झलल |
| १४. | वृद्धका पीडा |
| १५. | कठैवरा सतीदेवी |
| १६. | संविधान |
| १७. | नेपालको दुर्व्यसन |
| १८. | सासु बुहारी |
| १९. | विकृति र विसङ्गति मिली सपार |
| २०. | कृषिमा कान्ति |
| २१. | भैरहेको विकृति |

२२. लेकमा रमाइलो

२३. कृष्णजीको गीत

२४. भगवान्लाई भेटन

२५. सुन

२६. बाबाको दैलामूनि

# परिशिष्ट

## १. बाँसुरी बज्यो

भैया मेरा हराए हेर राजै
बाँसुरी बज्यो जमुनाकोतिर
खोजे डुले पाइन राजै
बाँसुरी बज्यो जमुनाकोतिर
बाँसुरी त अरिकैले लगे राजै
बाँसुरी बज्यो जमुनाको तिर
खोजे डुले पाइन राजै
बाँसुरी बज्यो जमुनको तिर ।

## २. कान्लामुनीको ठूलो ढुङ्गो

कान्लामुनीको यो ठूलो ढुङ्गो
मलेवा चरीको बास बरिलै
आफनी आमालाई रुँदैरुँदै छोडियो
अर्काकी आमाको टस बरिलै
माइतमा छैनन् जन्म दिने आमा
घरमा छैन जस बरिलै ।

## ३. गरिबको वेदना

तिज आयो भनेर सबका छोरी हरर
हाम्रा छोरी डाँडा पारी रुन्छन् धरर
तिज आयो भनेर केही छैन दिनलाई
एक छाक खुवाउँला बावु जाउ लिनलाई

भैया गए दिदी लिन बाउ लागे टोलाउन
साहुनीको घरमा गए बोलाउन
नमस्ते साहुजी भन्नुभयो बाबाले
अरू के पो गरिब जावाले
तिज पछि आउनेछु कोदाली खन्नलाई
दुवै पाथी धान दिनुस् तिज मान्नलाई
धान तैले तिर्दैनस् कोदाली खनेर
लानी भए लैजा धान पैसा गनेर
साहुजीले वचन लाए यो मनको पीर कति
अन्तै गई खोजी ल्याउँछु नरोउ श्रीमती
अन्तै घर गएर त्यसै त्यसै भनेर
दुवै पाथी भुसे धान दिए भरेर
त्यै धानलाई ल्याएर कुटाइ केलाई गरेर
हे ईश्वर खानु छैन पेट भरेर ।

## ४. भूकम्पको गीत

वैशाख १२ ७२ साल मध्यान्तरको शनिवार
गयो ठूलो भूकम्प भयो हाहाकार
केन्द्रविन्दु गोर्खा जिल्ला वारपाक भन्ने ठाउँ थियो
धेरै ठूलो बस्ती अनि सुन्दर गाउँ थियो

अचानक धर्ती फट्यो सारा नेपाल थर्कियो
बिजुलीका खम्बा ढले बाटो चर्कियो
ऐतिहासिक धरहरा ढल्यो भन्ने सुनियो
हामी सबै नेपालीको मुटु थुनियो

परिवारको चिन्ताले कस्तो भयो होला झन्
विदेशमा रहेका नेपालीको मन
फोन गर्दा लाग्दैन हात खुट्टा वैलायो
सिङ्गै आकाश आफै माथि खसेझैं लाग्यो

ध्वस्त भए गाउँ शहर कालले राज्य जमायो
बाच्नीलाई सयौं झट्का मुटु कमायो
भयो प्रभु पुग्यो अब कति चोट दिन्छौ र
कि फेरि नी बाचेकाको परान लिन्छौ र

छुट्टीको दिन सपरिवार खानाखान लागेका
कोही भने बिहानै घुम्न गएका
घुम्दै जाँदा धरहरा चड्ने रहर पलायो
कस्लाई के थाहा त्यै बेलामा कालले बोलायो

अङ्गालोमा जोडिएको लास युगल जोडीको
अन्तिम यात्रा त्यै रहेछ जीवन भरिको
भत्के सबै संरचना त्यसमै पुऱ्यो कतिलाई
गहिरो चोट दियौ प्रभु बाच्ने जतिलाई

अन्नपात लुगाफाटो गाईवस्तु नि पुरियो
आकास हेर्दै राहत आउने बाटो कुरियो
घाइतेले खचाखच अस्पताल भरियो
लास उठाइ सडकमा बाटो भरियो

आर्यघाटमा लासको ओइरो दाउरा छैन जलाउने
कसैका त कोही छैनन् पिण्ड चलाउने
कसैका त घरमै खाल्टो पुरे लास खनेर

गाउँनै सखाप मलामी नै छैनन् भनेर
हल्यो अरे सगरमाथा आरोहि नि मरे रे
देश विदेशका पर्यटक नि थुप्रै परे रे
उद्धार टोली पुगेपछि कोही फर्के बाँचेर
शिखर चुम्ने चाहानालाई मनमा साँचेर

सुन्दर देश नेपाल हाम्रो उत्तर सगरमाथा छ
त्यसैले त संसार भरि गहिरो नाता छ
खबरदार दायाँ बायाँ होला राहात अनुदान
जनताले खोज्नै पर्छ नेताज्यूको कान

जति धन थुपारे नि खाली हात जाने हो
कि होइन र नेताज्यू तिम्ले लानी हो
पीडित थियौँ जनता सधैँ कुर्ची तानातान
घरवार बिहीन बनाइदियो भरकम्पले झन्

पुनर्निर्माण गर्न जुटौँ रिस राग छोडेर
बर्खा लाग्यो एकताको छाता ओडेर ।

## ५. छोरीले पढ्न हुँदैन

छोरी पढ्न हुँदैन भन्छ हाम्रो समाज
मुख्य कुरा त्यसैले त पाऱ्यो खराब
छोरी भन्ने जातले त किताब छुँदै छुँदैन
आइ. ए, बि.ए पढेकालाई दिनै हुँदैन
छोडपत्र गर्नेछ पढेकालाई रोज्नेछ
छोरीको जीवन खेर फाल्ने छ
पढ्न जाने बेलामा जानु पऱ्यो मेलामा

विकास खुल्ले बेलामा घरको जेलमा
तक्दिरको विचार पनि गर्नु भएन बाबाले
छोरी पनि नपाए यस्ता जाबाले ।

## ६. आमा

वर्ष दिनको तिज आयो घुम्दै फिर्दै फेरि
के गरेर बस्छ्यौ आमा म नहुँदा खेरी
रातो चुरा रातो साडी रातै थियो चोलो
अब फेरि कहाँ सुनौला आमा तिम्रो बोली
जन्म दियौ हुर्कायौ दुख गरी पढायौ
आज आई म दुखीलाई पराइ बनायौ
सुख भन्ने का लेखेको होला र मलाई
कहिल्यै आफ्ना भएनन् मेरा दाजु भाई
माया गरी सम्हालेर राखेका ती पाउजुलाई
आफ्नै माइती प्यारो भयो मेरी भाउजूलाई
बर्ष दिनको तिज आउँदा कहाँ जाने म चेली
फेरि कहाँ सुन्न पाउँला तिम्रो त्यो बोली ।

## ७. रामजी बादलको मृत्यु

धिपीधिपी बत्ती बल्यो बत्ती हैन पानस
विरहको गीत गाउने आयो चानस
२०७२ साल २८ साउनको महिना
लेखनाथ पावरहाउसको सुन बइन
लेखनाथका बासिन्दा रामजी बादल
राजनीतिमा लागेका हुन् रे आजकल
राम्रै नेता भनिएका रामजी बादललाई

आफ्नै कार्यकर्ताले मारे बरिलै
एउटै मोटरसाईकलमा दुई जना बसेका
वाग्लेल मारी अर्कालाई घाइते पारेका
वाग्लेललाई देखेर जनता लागे टोलाउन
श्रीमती र बाआमालाई गए बोलाउन
वाग्लेलकी श्रीमती खोज्दै खोज्दै आएकी
श्रीमानको हालत देखी मुर्छा भएकी
भन्न लागिन् मेरा राज्यै एकै वचन बोलिदेउ
कसले यस्तो हालत पार्‍यो पोल खोलिदेउ
भन्दै श्रीमती त मुर्छा परिन् भिडमा
सबैलाई रुवाएर जाने बेलामा
वाग्लेलको ठूलो शरीर लत्रक्कै परेको
राजनीतिमा यस्तो छाप कति गडेको
कालोकालो शिरको टोपी राम्रो त्यस्तो जीवन
गयो नेता वाग्लेलको सुन्दर जीवन ।

## ८. सबैको टोकसो

पिटीपिटी भाँचिन्छ जङ्गलको असुरो
दुईभारी घाँस काट भन्छन् ससुरो
बिहानै शीतमा बाटो पाइन आँसुले
दुईटा गाउरी खौटी ले भन्छिन् सासुले
खरबारीमा घाँस छैन आज मैले के काटुँ
अर्को भारी घाँस काट भन्छन् जेठाजु
कसौडीमा भात छैन आज मैले के खानी
पस्किएर खाऊ भनी भन्छिन् जेठानी
सानो मान्छे भए पनि कति छैन बेहोर
चाँडै गरी मेला जाऊ भन्छन् देओर
भात मिठो हुने रैछ पतनाको गन्धले

रूखो वचन लाइदिन्छिन् कान्छी नन्दले
आफ्ना स्वामी घर भए मैले माया पाउँथैँ
रुँदैरुँदै आफ्ना व्यथा सबै फुकाउँथैँ ।

## ९. छोरीको बेदना

एकमानो चामल पाइन मैले भिजाउन
गाह्रै हुने रैछ आमा सासु रिजाउन
कडिकान्ते सासु मेरी रिखीकान्ते ससुरा
कम्ती घर परेकी मत कहाँ छु र
पोखराको बजारमा निलो पर्दा टाँगेको
कुन पापीले होला नि मलाई मागेको
उकालीमा हिँड्दाखेरी खुट्टा दुख्यो भोकले
तेरो कस्तो रैछ भन्छ लोकले
त्यो ठाउँमा बुहारीले खन्नु रैछ कोदाली
मोरम् की झैँ लाग्ने तालमा फदाली
जेठानी भनेर मनको कुरा नखोले
सानो देवर भनेर हाँसी नबोले
कोही छैनन् भनेर भित्र पसी नचोरे
जेठाजुका मुखिन्जेल कपाल नकोरे ।

## १०. चेलीको बेदना

हाम्रा बाबा भइन्जेल आउँथे लौरी टेकेर
दाजुभाइले पठाए म्यासेज लेखेर
खानु केही नभए नि खान्थेम् मकै भुटेर
कुटुकुटु पार्दा हुम् राती उठेर

राम्रा कपडा दाजै दिनुभयो कामीलाई
हरियो चोलीको रहर हामीलाई
द्वितीयाको दिनको म्यासेज हामीलाई चाहिएन
एक छाक माइत आई खान पाइएन ।

## ११. अचानक सेती नदी आयो उर्लेर

बाध्य थियौँ सहन सरकारको विश्वासघात
त्यही बेलामा प्रकृतिले हान्यो वज्रपात
अन्नपूर्ण माछापुच्छ्रे पोखराको शिरैमा
धेरै ठूलो बस्ती थियो सेती तिरैमा

कोहीले थाहा पाएनन् कोही दगुरे कुर्लेर
अचानक सेती नदी आयो उर्लेर
बिहानको साढे १० चर्को घाम लागेको
कस्ले देख्ने सेतीमा बाढी आएको

कोही थिए खाना खाँदै, कोही थिए मेलामा
कोही भारी बोकेर आउने बेलामा
काही झरेका स्वास्थचौकी दवाइ लिन भनेर
उर्ली आयो सेती नदी काल बनेर

अहिले आइ खाउँला भन्दै छोड्यौ घर पनि
कहिले होला फर्कनी कति पर्खनी
किन दैव अचानक गऱ्यौ ठूलो वज्रपात
भोक लाग्यो भाँडामै भो पकाएको भात

ज्यूधन र अन्नपात राखेन एक दाना नि
पुरै गाउँ पखालेर लग्यो लान नि
पिकनिक स्पोट तातोपानी पिकनिक खान झरेका
लेखनाथका ११ जना सबै परेका

एउटै चिता एउटै गाउँका ११ जना युवाको
अझै होस आछैन आमा बुवाको
फिलाफिला छुट्याएर लास फाल्दा भेलले
संसार रोयो बिधाताको यस्तो खेलले

पानी पाइप के छाड्थ्यो र सिङ्गै टङ्की लानेले
पोखरामा हाहाकार भो खाने पानीले
पोखरेली चेलीले गरे बिन्ती जोडी हात
फेरि यस्तो नहोस् है पशुपति नाथ

सजग भै जोगाउन सकिन्छ कि धनजन
त्यतातिर जाओस् है सरकारको ध्यान
पोखराको मुटुमा सेती नदी लुकेको
प्रकृतिले विनास पार्दा चिन्त दुखेको ।

## १२. संविधान बनाउने सुन वइन

संविधान बनाउनका लागि ६०१ पठाइयो
आशा देखाई जनतालाई दुख कटाइयो
जनताको भोटले हो चिल्ला गाडी चढेका
जनतालाई बिर्सिएर आफै लडेका
राष्ट्र गाना नजाने नि हिँड्छन् भत्ता खाएर
जनताको मर्का कहाँ चाल पाएर

थोत्रो गाडी दियो भने सिडियोलाई भकुर्छन्
होटलको कर्ची ठटाएर सांसद दकुर्छन्
लाटा सोझा जनता सडकमा हानाहान
मन्त्री हुने माथिल्लालाई कुर्ची तानातान
नयाँ नेपाल बनाउनलाई जनताले हो लडेको
संविधान लेख्ने काम छैन बढेको
हाम्रो देशको सभासदको बुद्धि कहिले आउने हो
नेपालीले संविधान कहिले पाउने हो
जनताको हक अधिकार संविधानमा लेख्ने हो
नेपालीले नयाँ नेपाल कहिले देख्ने हो
देशको देख्दा रीतिस्थिति दिक्क लाग्यो हामीलाई
अजै पनि लाज छैन नेताहरूलाई
३-३ वर्ष वितिसक्यो आफू आफू लड्दामा
दुख छैन देशमा खाल्टो पर्दामा
हाम्रो देशका सभासदले कस्तो मन्त्र जपेका
भत्ता खान म्यादै मात्रै सधैँ थपेका
फेरी चुनाव गर्दा पनि जनता नै मर्ने हो
सभासदलाई देशको पैसा कति भर्ने हो
हाम्ले टुङ्गो लाउँछौँ भन्छन् शान्ति संविधान
सधैँ भरि म्यादै थप्ने हुन्छ यिनको काम ।

## १३. सौता झलल

आमाले दिएको दुध भात खाएर
कहाँसम्मको साइत स्वामी जुत्ता लाएर
काठमाडौंसम्मको थियो मेरो साइत
घर धानेर बस प्यारी नजाउ माइत
घर धानेर बस्यौ भने सुनको सिकी ल्याइदिउला

माइत गइ बस्यौ भने कान्छी ल्याइदिउला
स्वामी ज्यूको साइतपछि सासुको टोकेसो
माइत आउँछु आमा अब पोख्न देखेसो
माइत धेरै बसी भनी भाउजूको वचन
स्वामी लिन आएनन् दुख्छ यो मन
धेरै पछि घर हेर्दा टिनको छाना झलल
घरभित्र पसि हेर्दा सौता झलल ।

## १४. वृद्धका पीडा

अझै पनि हामीमा आको छैन चेतना
वृद्ध आमा बुवाको सुन्नुस वेदना
आज हाम्रा बुवाआमा साह्रै एक्ला भाका छन्
छोराछोरी परिवार वेग्लै  भाका छन्

संस्कार र संस्कृतिले बाँधी राख्यो पहिले त
कुसंस्कार र विकृति बढ्यो अहिले त
हेर्दा हेर्दै अहिले त कस्तो आयो जमना
बुवाआमालाई बनाएका छन् फोहोर सामान

आफ्ना भाका बावुआमालाई पल्लो पाखा लाएर
अझ कस्लाई देखाउँछौ आश्रम धाएर
आफ्ना भएका बावुआमालाई आश्रम र ठाँटीमा
आफू भने जान थाले डिस्को पाटीमा

समाज सेवा भन्दै हिंड्ने कापी कलम झोलामा
फाल्न थाले बावुआमालाई जिउँदै खोलामा
बावुआमाको संम्पति तिनलाई साह्रै प्यारो छ
बावुआमा पाल्नलाई साह्रै गाह्रो छ
तातेताते गरेर औँला समाई हिँडेको

अहिले मेरो औंला तिम्लाई कति बिझेको
कति रात सुतिन म तिमी पर्दा बिरामी
अहिले मलाई सुत्नलाई दिन्नौ सिरानी

सानो हुँदा तिमीलाई कति माया गारेथ्यौं
आफ्नो पेट खाली भएनी तिम्रो भरेथ्यौं
कति चोटी तिम्रो फोहोर पऱ्यो मेरो खानामा
अहिले मेरो फोहोर देखी दिक्क नमान

खेतीपाती गर्नलाई जानु पऱ्यो मेलामा
घर फर्की आउँथे खाना खानी बेलामा
पकाउनलाई फुर्सद थेन एकछिन् घरमा बसेर
तिमीलाई खुवाइ हिंड्नु पर्थ्यो पटुका कसेर

केही नपाउँदा भन्थें मैले मेरो बावु रोला नि
मलाई अहिले नदिँदा नि त्यस्तै होला नि
भोलि तिमी पनि त वृद्ध वृद्धा हुनेछौ
सन्ताको व्यवहारले कति रुनेछौ

बस बावु तिमी पनि तिम्रो सन्तान सपारी
राख तिम्रा बावु नानी रुन नपारी
कति बोल्छन् बुढाबुढी झर्को नमान
अहिले हामी भकाछौं बच्चा समान

राम्रो लाउन मिठो खान कस्लाई मन हुन्न र
अहिले तिम्ले वचन लाउँदा मन रुन्न र
मेरो जीवन यसै बित्यो तिम्रो राम्रो रहोस् है
मलाई जस्तै दुःख कष्ट तिम्लाई नहोस् है ।

## १५. कठैवरा सतीदेवी

दक्षप्रजापतिको घर थियो रूपको
मगमग बासना सिन्के धुपको
सम्पत्तिको रक्षा गर्ने छोरी सत्यकुमारी
पापिष्ट विष्णुले पारे भुमरी
विष्णु हातको कन्यादान महादेवलाई सारेर
सत्यदेवी महादेवलाई कैलाश तारेर
कैलाशमा गएर कौडाबाजी खेल्नुभो
श्री सत्यदेवीले सबै जित्नुभो
दक्षको घरमा शुभ यज्ञ लाएका
तेत्तिसकोटी छोरीज्वाइँ सबै आएका
तेत्तिसकोटी छोरीज्वाइँ सबैलाई डाकेका
सत्यदेवी महादेवलाई बाँकी राखेका
हेर्न थाले नारदले को को आए आएनन्
सत्यदेवी महादेवको चालै पाएनन्
पुऱ्याइदिएर नारदले कैलाशमा खवर
कठै वरी सत्यदेवी रुन्छिन् धरर
एकोहोरो ढिपीले स्वामीलाई जितेर
नारदसँग जान्छु भनी गइन् उठेर
बाबा किन हजुरले यो छोरीलाई बिर्सेको
सबैजना जम्मा हुँदा हामी छुटेको
छोरी तिमी पियारी मैले किन बिसर्न्थे
महादेवका कारणले तिम्लाई मैले छलेथेँ
महादेवको अपमान गर्न थाले दक्षले
के सुन्नु पऱ्यो बाबा मेरा कानले
हाई स्वामी भनिकन कुण्डतिर लम्केर
प्राण त्यागिन् सतीदेवी फाल हालेर ।

## १६.संविधान

संविधान लेख्नलाई कोही मानेनन्
जनताको आँखा छोपी आफ्नो भुँडी भरेर
देश खाए गाइजात्रे शासन गरेर
राष्ट्र गयो खाडलतिर देशको गोली हानाहान
संसदभित्र नेताहरू कुर्ची तानातान
हिलो छ्याप्ने काम भयो नेतानेता बिचमा
विकृति र विसङ्गति बढ्यो देशमा
शिरको सिन्दुर पुछेर लोकतन्त्र ल्याइयो
राष्ट्र गयो खाडलतिर देशमा गोली हानाहान
छोरा मरे, छोरी मरे विधवा छन् बुहारी
हाम्रो देशको राजनीतिमा सधैं जुहारी
तँछाड मछाड भयो हजुर कस्ले धान्ने सरकार
बाघको छाला स्यालको रजाइँ भयो नेपाल ।

## १७. नेपालको दुर्व्यसन

विकृतिलाई हटाउन राख्नै पर्छ भरसक
यो कुरालाई ध्यान दिएर सुन्नु दर्शक
विकृति र विसङ्गति अन्न धन्न भाको छ
नेपाली आमालाई चिन्ता लाको छ
संस्कृतिलाई जोगाएर विकृतिलाई हटाउने
प्रशानले सुरक्षा कडा खटाउने
उठौं उठौं गाउँ शहर सिङ्गो नगरपालिका
दुर्व्यसनमा फसेँ सबै बालबालिका
उठौं उठौं सबै मिली बालबच्चा सुधारौ
समाजमा चेतनाको आँखा उघारौँ

सातै तालको बाटिका हो राजाचौतारा बजार
विकृति हटाउन जुटौँ हजार
संस्कृतिलाई छाडी हिड्छन् विकृतिलाई बोकेर
बाबा आमा रुन्छन् घरमा छाती ठोकेर ।

## १८. सासु बुहारी

हामी धेरै सम्मान गर्छौं समाजका वर्गलाई
सासु र बुहारीको गीत सुन्नु है
सासुः भात पकाए काचै हुन्छ तरकारीमा नुन बढी
कस्ती मैले बेहोर्नु पर्‍यो बुहारी
बुहारीः सासु भनी हक चलाउन नखोज है म मा
ढले लोटा उठाइथिइन मैले माइतमा
सासुः दुई पैसाको रङ ढङ छैन कति अकल
चाइने भन्दा बढि बढि पार्छे नक्कल
बुहारीः के गर्छ्यौ त मेरी बज्यै जमानाले ल्याएको
जमानाले मोडल बन्ने लुगा आएको
सासुः लुगा पनि कस्ता कस्ता छोटा छोटा आएका
आजकलका बुहारी त छाडा भएका
बुहारीः मैले अझै के लाइछु र कस्तो फेशन हेरौली
मिनिस्कट लाइदिउँला र दङ्ग परौली
सासुः आजकलका बुहारीसँग पर्ने रैछ डराउन
दुईचार शब्द बोल्नै हुन्न थाल्छे कराउन
बुहारीः बुढी भएनि छैन शैली सधैँ गनगन झगडा
के जानेकी छौ र फूर्ति लाउँछ्यौ तगडा
सासुः हप्तै पिच्छे ब्यूटीपार्लर त्यो थुतुनो निधारमा
राम्रै मुखलाई पार्न थाली यसले बिगार्न
बुहारीः बुढेसकालको चिनो मैले छैन पाल्न जानेको
छोराले नि यो बुढीलाई नपाल भनेको ।

## १९. विकृति र विसङ्गति मिली सपार

क्यान्सर जस्तो घातक रोग निम्तो गर्छ यसले
छिट्टै मृत्यु हुन जान्छ रोक्छ कसले
धनको नाश ज्यानको नाश गरेको छ यसले
नियम कानुन छैन देशमा बुझ्छन कसले
बन्द गर्नु पर्छ अब धुम्रपानको कम्पनी
बल्ल खुसी हुन्छ अब सबको मन पनि
सुइ लाउँछन्, चरेस खान्छन् भविष्यका कर्णधार
यो देशमा बढ्दै गाछ सधैं अत्याचार
महिला पुरुष समान भनी पिउँछन् सँगै बसेर
एक गिलास त थपौं भन्छन् कम्मर कसेर
युवाहरू भएका छन् एच.आई.भी. को भारी नि
संक्रमित भएका छन् हाम्रा नारी नि
जीवन मृत्यु भन्दैन सुइ नलगाउँ दाजुभाइ
ठुलो सङ्कट निम्त्याउँछ यसले हामीलाई
चेतनाको कमी भयो हाम्रो देशका युवालाई
यसको अन्त्य गर्नुपर्छ मिली दाजु भाइ ।

## २०. कृषिमा क्रान्ति

लेखनाथ नगर साततालको शहर
रोजगारीमा गाईपालनको भयो रहर
विदेश जाने प्रवृतिलाई जरैदेखि फालेर
आत्मनिर्भर बन्न सक्छौं गाइ पालेर
उखु छन् बारीमा, गाई छन् गोठमा
कृषिमा क्रान्ति आयो बरिलै
विदेशमा गएकालाई कतिकति दुख छ

स्वदेशमा गरी खान कति सुख छ
बाखा छन् खोरमा, मौरी छन् घारमा
कृषिमा क्रान्ति आयो बरिलै
जर्सीगाई टन्नै हुन्छन् आँगनीको गोठमा
दुख भाग्छ हाँसो आउँछ तिम्रो ओठमा
घाँस छ टारीमा, तरकारी छ बारीमा
कृषिमा क्रान्ति आयो बरिलै
दुध जति शहरमा मल जति बारीमा
बिकासी घाँस लगाउने हो बाँझो टारीमा
धान झुल्यो खेतमा तोरी फूल्यो बारीमा
कृषिमा क्रान्ति आयो बरिलै ।

## २१. भैरहेको विकृति

लोप हुँदै गएको छ देशको मौलिक संस्कृति
विदेशबाटै भित्रिदै छ यहाँ विकृति
महिलाले नि छाडी सके चोली साडी लाउनलाई
सभ्य ठान्छन् टिसर्ट पाइन्ट मिनीस्कटलाई
बावु गए विदेशमा आमा लागी फेशनमा
बालबच्चाको विचल्ली भाछ बिचमा
राख्नु छैन आफ्नो देशको संस्कृतिलाई साँचेर
दर खाने रे होटलमा डिस्को नाचेर
कानमा मुन्द्रा लगाई हिड्छन् कपाल पालेर
गाँजा चरेस मात्र होइन लाउन थाले सिरिज
दुर्व्यसन यो बढ्दै गए सबै बिग्रन्छ ।

## २२. लेकमा रमाइलो

लेकमा रमाइलो लालीगुराँस फुलेको
बेँसीमा रमाइलो धान झुलेको
गोठमा रमाइलो माली भन्ने गाइले
माइतैमा रमाइलो दाजुभाइले
तिहारमा रमाइलो मखमली फुलले
तिजैमा रमाइलो छोरीचेलीले
दशैँमा रमाइलो सबै भेट हुनाले
शिवरात्रिमा रमाइलो जात्रा मेलाले
दिनमा रमाइलो सूर्य घाम हुनाले
रातैमा रमाइलो जुनताराले
बनैमा रमाइलो बन चरिले
घरैमा रमाइलो छोरा छोरीले ।

## २३. कृष्णजीको गीत

कदमका बुटामा बसेका कृष्णजी
भुइँमा झर कृष्णजी पुजै चलेन
सासु आगो सल्काउनी बुहारीले हेरनी
यो घरमा लच्छिन छैन भुइँमा झर्दिनँ
कदमको बुटामा बसेका कृष्णजी
भुइँमा झर कृष्णजी पुजै चलेन
सासु कसेर लगाउनी बुहारीले हेरनी
यो घरमा लच्छिन छैन भुइँमा झर्दिनँ
कदमका बुटामा बसेका कृष्णजी
भुइँमा झर कृष्णजी पुजै चलेन
सासु दैलो पोतनी बुहारीले हेरनी
यो घरमा लच्छिन छैन भुइँमा झर्दिनँ

कदमको बुटामा बसेका कृष्णजी
भुइँमा झर कृष्णजी पुजै चलेन
सासु मोल बोकनी बुहारीले हेरनी
यो घरमा लच्छिन छैन भुइँमा झर्दिन
कदमको बुटामा बसेका कृष्णजी
भुइँमा झर कृष्णजी पुजै चलेन
सासु भाँडा माझनी बुहारीले हेरनी
यो घरमा लच्छिन छैन भुइँमा झर्दिनँ ।

## २४. भगवान्लाई भेटन

कहाँ जान आयौ मैनाचरीको बगल
बरिलै भगवान्लाई भेटन
नि बरिलै भगवान्लाई भेटन
भगवान्लाई भेटन के को पाउर चाहिन्छ
यति समाचार ल्याइदिए
नि बरिलै यति समाचार ल्याइदिए
एकुमा चाहिन्छ श्रीखण्ड चन्दन
दोसरी बेलपत्र नि बरिलै
दोसरी बेलपत्र ।

## २५. सुन

हे......... माइती जाने सामेल हुन
नलगाई सुन लैबरी चट्टै
हे........ साहारी राम्रै लगाई जाने
सुन लाउने किन लैबरी चट्टै

हे.......... सुन धेरै आज महङ्गो भाछ
हामीले गर्दा लैबरी चट्टै
हे........ अझै नि हामी छोड्दैनौ लाउन
५५ पर्दानि लैबरी चट्टै ।

## २६. बाबाको दैलामुनि

बाबाको दैलामुनि काकरीको बतिलो
टिपन सकिनँ खाइन बरिलै
सातै नदी पारी दिनुभयो बाबा
तरन सकिनँ आइन बरिलै
बाबाको दैलामुनि सुन्तलाको बतिलो
टिपन सकिनँ खाइन बरिलै
सातै नदी पारी दिनुभयो बाबा
तरन सकिनँ आइन बरिलै
बाबाको दैलामुनि कागतीको बतिलो
टिपन सकिनँ खाइन बरिलै
सातै नदी पारी दिनुभयो बाबा
तरन सकिनँ आइन बरिलै
बाबाको दैलामुनि घिरौलाको बतिलो
टिपन सकिनँ खाइन बरिलै
सातै नदी पारी दिनुभयो बाबा
तरन सकिनँ आइन बरिलै
बाबाको दैलामुनि करेलाको बतिलो
टिपन सकिन खाइन बरिलै
सातै नदी पारी दिनुभयो बाबा
तरन सकिनँ आइन बरिलै ।

# सन्दर्भ सामग्री


अधिकारी, गीता (२०६४), **कार्की नेटा क्षेत्रमा प्रचलित तिजेगीतको विश्लेषण**, स्नातकोत्तर तहको अध्ययन पत्र, पोखरा : पृथ्वी नारायण क्याम्पस नेपाली विभाग ।

आचार्य, कृष्णप्रसाद (२०६८), **लोक साहित्य, आधुनिक नेपाली साहित्य**, क्षितिज प्रकाशन ।

काफ्ले, टीकाराम (२०६२), **पैंयुखोले तिजेगीतको अध्ययन विश्लेषण**, स्नातकोत्तर तहको अध्ययन पत्र, पोखरा : पृथ्वी नारायण क्याम्पस, नेपाली विभाग ।

गौतम, शान्ताकुमारी (२०६३), **मल्लाज क्षेत्रमा प्रचलित तिजेगीतको सङ्कलन र अध्ययन**, स्नातकोत्तर तहको अध्ययन पत्र, पोखरा : पृथ्वी नारायण क्याम्पस, नेपाली विभाग ।

गौतम, शोभाकान्त **(२०६०), नेपाली लोक साहित्य शिक्षण समस्या र समाधान**, पृथ्वी वाङ्मय, वर्ष ३ अङ्क ३, पोखरा : पृथ्वी नारायण क्याम्पस, नेपाली विभाग ।

थापा, धर्मराज (२०२०) **हाम्रो लोकगीत**, काठमाडौँ : रेडियो नेपाल ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **नेपाली लोक साहित्यको विवेचना**, काठमाडौँ : त्रि. वि. पाठ्यक्रम विकास केन्द्र ।

पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक**, काठमाडौँ : वीणा प्रकाशन प्रा.लि. ।

पोखरेल, भानुभक्त (२०४०), **सिद्धान्त र साहित्य**, विराटनगरः कुलचन्द्र शर्मा ।

पौडेल, ईश्वरी प्रसाद (२०६७), **बर्दिया जिल्लाको जमुनी सौरहवा र मैना पोखर गाँउ विकास समितिका तिजेगीतहरूको सङ्कलन र वर्गीकरण**, स्नातकोत्तर तहको अध्ययन पत्र, पोखरा : पृथ्वी नारायण क्याम्पस, नेपाली विभाग ।

पौडेल, पुन्यवती (२०६०), **साँगे क्षेत्रमा प्रचलित तिजेगीतको सङ्कलन र वर्गीकरण**, स्नातकोत्तर तहको अध्ययन पत्र, पोखरा : पृथ्वी नारायण क्याम्पस, नेपाली विभाग ।

पोखरेल, शर्मिला (२०६९), **काहुँ क्षेत्रमा प्रचलित तिजेगीतको अध्ययन**, स्नातकोत्तर तहको अध्ययन पत्र, पोखरा : पृथ्वी नारायण क्याम्पस, नेपाली विभाग ।

बन्धु, चुडामणि (२०५८), **नेपाली लोक साहित्य**, काठमाडौँ : एकता बुक्स ।

लोहनी, लक्ष्मण (२०१३), **रोदीघर**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्र लुँइटेल (२०६३), **लोकवार्ता विज्ञान र लोक साहित्य**, काठमाडौँ विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, हीरादेवी (२०६५), **बलेवा क्षेत्रमा प्रचलित तिजेगीतको सङ्कलन वर्गीकरण र विश्लेषण**, स्नातकोत्तर तहको अध्ययन पत्र पोखरा : पृथ्वी नारायण क्याम्पस, नेपाली विभाग ।

**तिज पर्व अवसरमा लेखनाथ १३, क्षेत्रका विभिन्न ठाउँमा तिजेगीत गाइँदै नाच्दै गर्दाका केही दृश्यहरू ।**



लेखनाथ १३, मालमुलका महिलाहरू तृतियाका दिन तिजेगीत गाउँदै नाच्दै गरेको दृश्य ।



लेखनाथ १३, गगन गौंडाका महिलाहरू द्वितीयाका दिन तिजेगीत गाउँदै नाच्दै गरेको दृश्य ।




लेखनाथ १३,राजाको चौताराका महिलाहरू तृतियाका दिन तिजेगीत गाउँदै नाच्दै गरेको दृश्य ।




लेखनाथ १३,राजाको चौताराका महिलाहरू तृतियाका दिन तिजेगीत गाउँदै नाच्दै गरेको दृश्य ।



लेखनाथ १३,राजाको चौताराका महिलाहरू पञ्चमीका दिन तिजेगीत गाउँदै नाच्दै गरेको दृश्य ।



लेखनाथ १३,राजाको चौताराका महिलाहरू पञ्चमीका दिन तिजेगीत गाउँदै नाच्दै गरेको दृश्य ।



लेखनाथ १३,राजाको चौताराका महिलाहरू तृतियाका दिन तिजेगीत गाउँदै नाच्दै गरेको दृश्य ।



लेखनाथ १३,राजाको चौताराका महिलाहरू पञ्चमीका दिन तिजेगीत गाउँदै नाच्दै गरेको दृश्य ।



लेखनाथ १३,गगन गौडाका महिलाहरू तृतियाका दिन तिजेगीत गाउँदै नाच्दै गरेको दृश्य ।



लेखनाथ १३, राजाको चौताराका महिलाहरू पञ्चमीका दिन ऋषि पञ्चमी पूजा गरिरहेको दृश्य ।